# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

हरेक बुधवार प्रकाशित हुने
श्रमजीवि जनताको आवाज
नेपालकै एकमात्र जनपक्षीय साप्ताहिक
साप्ताहिक रातो खबर
खोजी खोजी पढौं
साथै हाम्रो अनलाईन हो
www.eratokhabar.com

वर्ष ७, अङ्क ३८, पूर्णाङ्क ३०८ | २०७८ चैत्र ३० गते बुधबार | Wednesday, 13 Apr 2022 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपा सचिवालय पार्टी बैठकका निर्णय कार्यान्वयनमा दृढ

**काठमाडौँ ।**

मुलुकको समसामयिक राजनीतिक अवस्था र पार्टीका गतिविधिबारे छलफल गर्दै नेकपाको सचिवालय बैठक सकिएको छ ।

पार्टी महासचिव विप्लवको अध्यक्षतामा बसेको सचिवालयको बैठकले कपिलवस्तु शिवगढीस्थित पार्टीको नवनिर्मित केन्द्रीय सम्पर्क कार्यालयमा सम्पन्न १२ औं पूर्ण बैठकका निर्णयहरू दृढतापूर्वक कार्यान्वयन गर्ने निर्णय गरेको जानकारी केन्द्रीय कार्यालय स्रोतले दिएको छ ।

पार्टी बैठकपछि देशभर राजनीतिक-वैचारिक प्रशिक्षणहरू जारी रहेको र जिल्ला समितिका बैठकहरू पनि सञ्चालन भइरहेको अवस्थामा निर्णय कार्यान्वयनमा एकरूपता ल्याउन सचिवालयको बैठक बसेको र सचिवालयका सबै सदस्यहरू पार्टी निर्णय एकरूपतामा कार्यान्वयन गर्ने निर्णयमै

... बाँकी पृष्ठ ७ मा

# पार्टी र जनताको शक्ति मिल्नासाथ यो सत्ता ढल्छ : महासचिव विप्लव

## नेकपा केन्द्रीय प्रचार तथा प्रकाशन विभागको प्रशिक्षण

■ **रातोखबर संवाददाता**/काठमाडौँ



नेकपाका महासचिव विप्लवले दलाल पुँजीवादी सत्ताले चरम सङ्कट झेलिरहेकाले आमूल परिवर्तन पक्षधर क्रान्तिकारी शक्ति नेकपा र जनताको शक्ति एक ठाउँ हुनासाथ यो सत्ता ढल्ने बताएका छन् । नेपालको एक मात्र क्रान्तिकारी र देशभक्त शक्ति नेकपामा मात्र जागरण रहेको र अरू सबै पार्टी शिथिल भएको पनि उनले बताएका छन् । नेकपाभित्र पूर्ण जनवाद रहेको प्रस्ट पार्दै महासचिव विप्लवले क्रान्ति देश, जनता र श्रमिक वर्गका साथै आफ्नो भविष्यसँग सरोकार रहेको विषय भएकाले पार्टीका सबै तह र तप्का चिन्तित रहेको पनि प्रस्ट पारे ।

नेकपा केन्द्रीय प्रचार तथा प्रकाशन विभागद्वारा सोमबार काठमाडौँमा आयोजित अन्तरक्रियात्मक प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी महासचिव विप्लवले विश्वको पछिल्लो अन्तरविरोधले पनि एकीकृत जनक्रान्तिको कार्यदिशाको संश्लेषण सही साबित हुँदै गएको प्रस्ट पारे । प्रचण्ड-बाबुरामहरू विश्व एकध्रुवीय भएकाले अहिले क्रान्ति सम्भव छैन भन्दै क्रान्तिबाट भागेको समयमा विद्रोह गरी नेकपा स्थापना गरिएको घटना स्मरण गराउँदै महासचिव विप्लवले रुस-युक्रेन युद्धले विश्व बहुध्रुवमा विभाजित

... बाँकी पृष्ठ ७ मा

## महासचिव विप्लव राजनीतिक प्रशिक्षणमा व्यस्त




■ **रातोखबर संवाददाता**/काठमाडौँ

नेकपाका महासचिव विप्लव राजनीतिक वैचारिक प्रशिक्षणमा व्यस्त बनेका छन् । पार्टीको १२ औं पूर्ण बैठकपछि चितवनमा केन्द्रीय प्रशिक्षणमा सहभागी महासचिव विप्लव २४ गते नेकपा चितवनद्वारा आयोजित जनआन्दोलन दिवसमा सहभागी भएपछि काठमाडौँमा उपत्यकास्तरीय तीन जिल्लाको प्रशिक्षणमा सहभागी भए ।

य स ै त्र ५ म मा

... बाँकी पृष्ठ ७ मा

## निर्वाचनप्रक्रिया बुझ्न प्रवक्ता प्रकाण्ड निर्वाचन आयोगमा

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टीले पार्टी प्रवक्ता प्रकाण्ड निर्वाचनप्रक्रियालगायत विविध विषयमा छलफल गर्न निर्वाचन आयोगमा गएको पुष्टि गरेको छ ।

नेकपा केन्द्रीय कार्यालयले दिएको जानकारीअनुसार प्रवक्ता प्रकाण्ड निर्वाचन आयोगमा निर्वाचनको प्रक्रिया बुझ्न र त्यस विषयमा छलफल गर्न गएको पुष्टि गरेको हो ।

'पार्टी प्रवक्ता निर्वाचनसम्बन्धी प्रक्रिया बुझ्न निर्वाचन आयोगमा पुग्नुभएको हो । देशभरबाट मतदाता नामावलीका बारेमा गुनासा र जिज्ञासाहरु आएकाले त्यसका बारेमा बुझ्नका लागि प्रवक्ता आयोग जानुभएको हो',

... बाँकी पृष्ठ ७ मा

## एमालेसँग चुनावी तालमेलबारे छलफल भएको कुरा भ्रामक : नेकपा

■ **रातोखबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय कार्यालयले प्रेस नोट जारी गर्दै सुदूरपश्चिममा नेपाल कम्युनिस्ट पार्टी र एमालेबीच भएको छलफल चुनावका विषयमा नभएर अन्य राजनीतिक विषयमा भएको प्रस्ट पारेको छ ।

पार्टीका केन्द्रीय कार्यालय सचिव असलले मङ्गलबार जारी गरेको प्रेस नोटमा नेकपा र एमालेका स्थानीय नेताबीच भएको छलफलका विषयमा सामाजिक सञ्जालमा भएको चर्चा-परिचर्चा र तर्क-वितर्क अनावश्यक रहेको उल्लेख छ ।

असलले प्रेस नोटमा भनेका छन्, 'सुदूरपश्चिममा हाम्रो पार्टी र एमालेबीच भएको छलफलको विषयलाई लिएर सामाजिक सञ्जालमा अनावश्यक चर्चा-परिचर्चा र तर्क-वितर्क भैरहेकोमा हाम्रो पार्टी कार्यालयको ध्यानाकर्षण भएको छ । उक्त छलफल कुनै चुनावी प्रयोजनलाई लिएर नभएको, बरु समसामयिक राजनीतिक विषयमा मात्र छलफल भएको कुरा सम्बन्धित कमरेडहरूमार्फत यथार्थ आएको छ । त्यसकारण उक्त विषयलाई लिएर अनावश्यक भ्रममा नपर्न सबैलाई अनुरोध गर्दछौं ।'

स्मरणीय छ,

... बाँकी पृष्ठ ७ मा

## पार्टी निर्णयविरुद्ध कोही पनि जान मिल्दैन : सुदर्शन



■ **लक्ष्मी श्रेष्ठ**/भँगेरी, (रामेछाप)

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले पार्टीको १२ औं बैठकले चुनावमा नजाने निर्णय गरे पनि कोही चुनावमा गएमा त्यो पार्टीको निर्णयविपरीत कार्य हुने बताएका छन् । ३३ औं जनआन्दोलन दिवसका अवसरमा प्रथम विद्यार्थी सहिद गङ्गालाल श्रेष्ठ र नेकपाका संस्थापक पुष्पलालको जन्मस्थल भँगेरीमा दुई लाल (पुष्पलाल-गङ्गालाल) को सालिक अनावरण गर्दै नेकपा

... बाँकी पृष्ठ ७ मा

## वैज्ञानिक समाजवाद–साम्यवादको खोज

**देश/परिवेश**

■ विप्लव



निजी सम्पत्ति र निजी स्वामित्वको अन्त्य गर्ने विचारले श्रमिकवर्गलाई 'जादुमय' तरिकाले आकर्षित गऱ्यो । वास्तवमा श्रम गरेर पनि श्रमको मालिक हुन नसकेका, माल उत्पादन गरेर पनि उपभोगबाट बञ्चित भएर अभावग्रस्त जीवन भोगिरहेका, पुँजी उत्पादन गरेर पनि गरिबीबाट उठ्न नसकेका श्रमिकवर्गलाई निजी स्वामित्वको अन्त्य गर्ने विचारले ठूलो तागत पैदा गऱ्यो । वास्तवमा जतिबेलासम्म मानवजाति निजी स्वार्थ र स्वामित्वको बोझबाट मुक्त हुँदैन, त्यसबेलासम्म समानतामूलक र समृद्ध समाज र जीवनको कल्पना पनि गर्न सकिँदैन । जब लुटपूर्ण निजी सम्पत्तिको अन्त्य हुनेछ, तब श्रमिक वास्तवमै आफ्नो श्रम र उत्पादनको मालिक हुनेछ, उत्पीडन र विभेदबाट मुक्त समाज निर्माण हुनेछ । यो विचारले श्रम गरेर पनि आफ्नो श्रमको मालिक हुन नपाएका श्रमिकवर्गलाई मात्र होइन, मानव-दुनियाँलाई शोषण, उत्पीडन र विभेदजस्तो अमानवीय चरित्रबाट एक सभ्य समाजमा पुऱ्याउन चाहने सबै सचेत एवम् सभ्य नागरिकहरूलाई पनि प्रभावित पाऱ्यो तर एकथरी मान्छेहरू जो श्रमिकवर्गको अतिरिक्त श्रम र पुँजी हडपेर वैभवको जीवन बिताएका छन् या अरूको चाकरी र दलाली गरेर परजीवी जीवन बिताइरहेका छन्, तिनले भने निजी सम्पत्तिको अन्त्यप्रति तिखो विरोध गर्दै भन्ने गरेका छन्, यो त "निजी स्वतन्त्रता र आफ्नै मिहिनेतले कमाएको सम्पत्तिको अपहरण भयो ! यो असम्भव कुरा हो !" जब कि उनीहरूले भनेको कुरा सही होइन । कम्युनिस्टले निजी स्वतन्त्रता अपहरण गर्छन् भन्नेलाई जबाफ दिँदै मार्क्स-एङ्गेल्सले घोषणापत्रमा लेख्नुभयो, "तर ज्यालादारी श्रमले, सर्वहाराको श्रमले उसको लागि कुनै सम्पत्ति पैदा गर्दछ र ? कदापि गर्दैन । यसले त पुँजी उत्पन्न गर्दछ अर्थात् यस्तो सम्पत्ति पैदा गर्दछ, जसले ज्यालादारी श्रमको शोषण गर्दछ । अनि त्यस सम्पत्तिको वृद्धिको सर्त नै के छ भने त्यसले फेरि नयाँ शोषणको लागि ज्यालादारी श्रम पैदा गर्दै जानुपर्छ ! आफ्नो वर्तमान रूपमा स्वामित्वको अस्तित्वचाहिँ पुँजी र ज्यालादारी श्रमको पारस्परिक अन्तर्विरोधमा निहित छ", (मार्क्स-एङ्गेल्स, सङ्कलित रचना १, कम्युनिस्ट घोषणापत्र, पृ. ६३) । उहाँहरूले अगाडि थप्दै भन्नुहुन्छ, "... मजदुरको श्रमको यस निजी कमाइलाई नष्ट गर्ने हाम्रो मनसाय कदापि छैन । यो कमाइ मानव–जीवन कायम र जारी राख्नका निम्ति मात्र प्रयोग गरिन्छ र त्यसमा अर्कोको श्रममाथि हुकुम

... क्रमशः पृष्ठ ६ मा

## सम्पादकीय

# नयाँनयाँ ठगहरू चयन गर्ने मौसम

संसद्वादी दलहरूको गठबन्धन सरकारले कथित 'स्थानीय तह' को निर्वाचन घोषणा गरेपछि संसद्वादी दलहरू र तिनका कार्यकर्ताको मुखमा पानी रसाएको छ । निर्जन जङ्गलमा पशुपक्षीको आगमनपछि जुकाहरू सग्बगाउँदै शरीरभर ओइरिएजस्तो संसद्वादीहरू झूट्टा आश्वासनका पुलिन्दा बोकेर जनताको शरीर मा सग्बगाउन थालेका छन् । संसद्वादका वाहक र मतियारहरू जनताको जीवनमा कायापलट गरिदिने झूट्टा सपनाहरू बाँडिरहेका छन् । घरघरमा धारा, घरसम्म पुने सडक, परिवारका सदस्यहरूलाई जागिर, बालबालिकालाई सुलभ शिक्षा, महँगी र कालोबजारीको अन्त्य, भ्रष्टाचारमा शून्य सहनशीलता...मानौँ संसद्वादीहरूले दिएका नाराहरू सुन्दा समाजवाद ल्याउने काम संसद्वादीहरूबाटै होला भन्ने भ्रम पनि पर्छ । हुँदाहुँदा उनीहरूले सुखी नेपाली र समृद्ध नेपालको उडन्ते नारा पनि दिएका छन् । कतिपयले अहिले व्यवस्था बदलिएको र अवस्था बदल्नका लागि आफूले जित्नुपर्ने दाबी पनि गरिरहेका छन् । यी सबै हावादारी र उडन्ते आश्वासनहरू हुन् । संसदीय व्यवस्थाले श्रमिक जनताको जीवनमा कायापलट ल्याउने भए आजसम्म धेरै लामो समयसम्म संसदीय व्यवस्थाहरूले शासन गरे तर देश र जनताको जीवनमा कुनै पनि कायापलट भएन । उल्टै मुलुक बेरोजगार युवाहरू जन्माउने कारखानाजस्तो बन्यो । अभाव र भोकमरीका कारण आत्महत्या गर्नेको सङ्ख्या बढिरहेको छ । विदेशमा रोजगार गर्न गएका कयौँ युवा दैनिक लासका रूपमा बाकसमा प्याक भएर एअरपोर्टमा आउँछन् । दैनिक चेलीहरू बलात्कृत भएका छन् र मारिएका छन् । राष्ट्रघातको मात्रा दैनिक बढिरहेको छ । राष्ट्रघाती एमसीसी पारित गर्ने संसद्वादी नयाँ लेन्डुपहरू देशको रक्षा गर्ने बकबास गर्दै गाउँ पसेका छन् । हत्याराहरू नै साधु बनेर जनताको गाउँबस्तीमा पसेको यो दूषित वातावरणमा जनताका अघिल्तिर एउटा गम्भीर चुनौती थपिएको छ- चोर, राष्ट्रघाती, ठग र डाँकाहरूमध्ये कसलाई रोज्ने ? बलात्कारी र हत्यारामध्ये कुनलाई चुन्ने ? देशद्रोही र चेलीबेचुवामध्ये कसलाई छान्ने ? अब पाँच वर्ष अर्को कुन ठगबाट ठगिने ? कुन लुटेरालाई देश बेच्ने लाइसेन्स दिने ? कुन दलाललाई युवा बेचेर कमिसन खाने वैधता प्रदान गर्ने ?

जनताका लागि यो व्यवस्थामा चित्त बुझाउने ठाउँ कहीँ छैन । महँगी बढेको बढ्यै छ । राष्ट्रियता जतातते सङ्कटमा परेको छ । लिपुलेक, लिम्पियाधुरा, कालापानीमा साम्राज्यवाद परेड खेलिरहेको छ । एमसीसीका नाउँमा युद्ध बोकेर साम्राज्यवाद संसद्बाट वैधानिक रूपमै देशको घोडा चढिरहेको छ । जनताले मत दिएर, नेता बनाएर पठाएका दलालहरू हाम्रो रगतपसिनामा होली खेल्दै संसद्बाट देश बेच्ने निर्णय गरिरहेका छन् र यता निर्दोष जनतामा आएर फेरि सत्तामा जाने, देश र जनताको सेवा गर्ने झूट्टा वाचा र आश्वासनहरू दिइरहेका छन् । संसद्वादी ठगहरू आकाशमा चिल देखाएर भुइँका चल्लाहरू टिपेर कुदाउँदैछन् । महान् सहिदहरूका आफन्तहरू, बेपत्ता योद्धाका परिवारजनहरू, घाइते र अपाङ्ग योद्धाहरू संसद्वादी दलहरूको चाला देखेर आक्रोशित छन् । दलाल व्यवस्थाभित्रकै दलाल पात्रहरू रोज्नका लागि विवश जनताका लागि विद्रोहको राम्रो विकल्प छ- जनक्रान्ति । नेकपाले जनक्रान्तिको नेतृत्व गरिरहेको छ र दलाल पुँजीवादको चिहानमा वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्घोष गरिरहेको छ ।

दलाल पुँजीवादी सरकारले यी बेथिति, अन्याय र भ्रष्टाचारका विरुद्ध आन्दोलनमा लागेको नेकपामाथि दुई वर्षसम्म प्रतिबन्ध लगायो, न्याय माग्दै विद्रोहमा उत्रिएका योद्धाहरूको हत्या गऱ्यो । हजारौँ योद्धाहरूलाई जेल हाल्यो । झूट्टा मुद्दा लगायो । अझै पनि कयौँका घरमा पक्राउपुर्जी टाँसेर र गिरफ्तार गरेर नेकपालाई संसदीय व्यवस्था स्वीकार गरेर चुनावमा आत्मसमर्पण नगर्ने हो भने नतिजा ठीक हुनेछैन भनी तर्साइरहेको छ, धम्क्याइरहेको छ । देश मात्र नभएर संसारभर क्रान्तिकारी र देशभक्त शक्तिको छवि बनाइसकेको नेकपालाई तर्साएर दलाल संसद्वादी सत्ता सबैलाई आफूजस्तै बनाउने दुष्प्रयत्न गरिरहेको छ । नेकपाका महासचिव विप्लव दलाल पुँजीवादको अन्त्य सुनिश्चित रहेको र क्रान्तिको विजय अपरिहार्य रहेको उद्घोषसहित राजनीतिक वैचारिक प्रशिक्षणमा व्यस्त छन् । नेकपा केन्द्रीय प्रचार तथा प्रकाशन विभागको प्रशिक्षणमा पनि महासचिव विप्लवले आफू अन्तिम समयसम्म क्रान्ति र परिवर्तनका पक्षमा लागिर हने, सहिद बन्न पछि नपर्ने तर दलाल पुँजीवादसामु नझुक्ने सन्देश प्रवाह गरे । यो सन्देशले दुस्मनसामु पुच्छर लुकाएर भाग्ने प्रचण्ड-बाबुराम र एउटा क्रान्ति सञ्चालन गरिरहेको क्रान्तिकारी पार्टीको नेताका बीच रहेको गहिरो भिन्नतालाई प्रस्ट पार्छ । क्रान्तिकारीहरू बरु खरानी बन्न तयार हुन्छन् तर दुस्मनसामु झुक्दैनन् । दुस्मनहरूले विभिन्न जाल, झेल र षड्यन्त्र गरेर क्रान्तिकारी शक्ति र नेतृत्वलाई भ्रम पार्ने, फुटाउने, झुकाउने, फकाउने, थर्काउने, गलाउने र आत्मसमर्पण गराउने अनेक प्रपञ्च रच्छन् तर क्रान्तिकारी नेतृत्व दुस्मनका यस किसिमका हरेक प्रपञ्च र षड्यन्त्रबाट सदैव चनाखो रहनुपर्छ ।

देश र जनतालाई षड्यन्त्र र धोका दिँदै दलाल पुँजीवादीहरूलाई चुनावको रौनक आएको छ । दसैँ आएजस्तै भएको छ उनीहरूलाई । जनता ताउबाट भड्ग्रोमा पर्ने अर्को खराब समय आएको छ । फेरि अर्को कुन ठगबाट ठगिने ? जनताका बीच विविध नाउँ र अनुहारका ठगहरू छिरेका छन् । नेकपाको केन्द्रीय समितिले पार्टी चुनावमा नजाने निर्णय गरिसकेको छ । नेकपाले एमसीसीविरोधी स्वतन्त्र, देशभक्तहरूलाई सघाउन भने सकिने निर्णय पनि बैठकबाटै गरिसकेको छ । तर पार्टीको यस्तो निर्णयकै बीच कतै एमालेसँग र कतै गठबन्धनसँग तालमेल भएका पार्टी निर्णयविरोधी अपशकुनपूर्ण सन्देशहरू प्रवाह गराइएका छन् र पार्टी निर्णयहरू सार्वजनिक गराएर क्रान्तिविरोधीहरूलाई फाइदा पुऱ्याइएका दूषित खबरहरू सार्वजनिक भएका छन् । क्रान्तिकारी पार्टीको जीवनमा यो सुखद सन्देश होइन । एकातिर पार्टी महासचिव पार्टी केन्द्रीय समितिका निर्णयहरू अक्षरशः पालना हुनुपर्छ भनेर प्रशिक्षण दिइरहेको अवस्था छ तर अर्कातिर मनोमानी निर्णय र गतिविधि भएका खराब सन्देशहरू प्रवाह गराएर दुस्मन शक्तिले क्रान्तिकारी धारमा खिया लगाउने अर्को गोयबल्स प्रचार थालेको देखिन्छ । नेपाल कम्युनिस्ट पार्टीको १२ औँ पूर्ण बैठकले प्रतिक्रियावादी संसदीय व्यवस्थाले गराउने चुनावमा जाने प्रयोजनले पार्टी दर्ता नगर्ने जुन किसिमको निर्णय गरेको छ, त्यो नै क्रान्तिकारी आन्दोलन जोगाउने एक मात्र र अन्तिम विकल्प हो । देशभक्तहरूको मत राष्ट्रघाती-जनघातीहरूका पक्षमा पर्नु नहुने विषय देशभक्तहरूका लागि अहं विषय हो ।

# दुई दार्शनिक शिविरबीच गोलाबारी



**हेमन्तप्रकाश ओली 'सुदर्शन'**

'धर्म उत्पीडित प्राणीको सुस्केरा हो । हृदयहीन संसार को हृदय हो । त्यसरी नै यो आत्मविहीन विश्वको आत्म हो । यो जनताका लागि अफिम नै हो । धर्मको उन्मूलन गर्नुको अर्थ जनताको भ्रमपूर्ण खुसीको सट्टा उनीहरूको वास्तविक खुसीको माग गर्नु हो । अस्तित्ववान् राज्य मामलासँग सम्बन्धित भ्रमहरू परित्याग गर्ने माग गर्नु भनेको भ्रमहरूको आवश्यकता पर्ने राज्यकै परित्याग गर्नु हो ।'

–मार्क्स, हेगेलको कानुन दर्शनको आलोचनामा योगदान, १८४४, दार्शनिक रचनाहरू : मार्क्सदेखि माओसम्म, नेपाली अनुवादक–सुदर्शन, प्रथम संस्करण–२०७३, पृ. ३४ ।

'इसाई धर्म र मजदुरहरूको समाजवाद दुवैले बन्धन र दुःखबाट मुक्ति पाइन्छ भनेर उपदेश दिन्छन् : इसाई धर्मले यो मुक्ति मृत्युपछि स्वर्गमा पाइन्छ भन्दछ भने समाजवादले यही पृथ्वीमा समाजको रूपान्तरणद्वारा पाइन्छ भन्दछ ।'

-एङ्गेल्स, प्रारम्भिक इसाई धर्मको इतिहास, १८९४, अङ्ग्रेजी संस्करण, ग्रन्थ २७, पृ.४७७ ।

'धार्मिक रूढिवाद (दार्शनिक आदर्शवाद) का ज्ञानशास्त्रीय जराहरू रहेका छन् । यो आधारहीन छैन । निःसन्देह रूपमा यो फलहीन फूल हो तर एउटा यस्तो फलहीन फूल जुन जीवन्त, उर्वर, वास्तविक, शक्तिशाली, सर्वशक्तिमान, वस्तुगत, निरपेक्ष ज्ञानबाट जन्मछ ।'

– लेनिन, द्वन्द्ववादको प्रश्नबारे, १९१५, दार्शनिक रचनाहरू : मार्क्सदेखि माओसम्म, पृ. ११२, अनुवादक-सुदर्शन ।

'आदर्शवादले विश्वलाई एउटा 'निरपेक्ष विचार', एउटा 'विश्वव्यापी आत्म' र 'चेतना' का रूपमा हेर्दछ भने यसको विपरीत दार्शनिक भौतिकवादले यो विश्व स्वाभाविक रूपमा भौतिक छ भन्ने मान्दछ ।'

–स्टालिन, द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, १९३८ उही, पृ. १५३ ।

'प्राकृतिक शक्तिको अधीनस्थ हुन बाध्य हुनु तथा साधारण खालका साधनको मात्र प्रयोग गर्न समर्थ हुनुले मानिसले आफ्ना वरिपरिका परिघटनाहरूको विश्लेषण गर्न सकेनन् र उनीहरू आत्मको सहारा लिन बाध्य भए । यही नै धर्म र आदर्शवादको उद्गम हो ।'

-माओ, द्वन्द्वात्मक भौतिकवाद, १९३८, उही, पृ. १५३ ।

नेपाल कम्युनिस्ट पार्टीले आफ्नो पाँचौँ पुनर्स्थापना दिवसका अवसरमा २०७५ साल मङ्सिर ८ गते ४० हजार जनताको उपस्थितिमा एउटा बृहत् जनप्रदर्शन र विशाल जनसभा सम्पन्न गरेको थियो । त्यसको एक सातापछि मङ्सिर १५-१७ सम्म काठमाडौँको एउटा तारे होटेलमा युनिभर्सल पिस फेडरेसन नेपाल प्रमुख आयोजक र 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल सरकार' सहआयोजक रहेको 'एसिया प्यासिफिक शिखर सम्मेलन' भएको थियो । दोस्रो कार्यक्रम 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा)' को सामाजिक दलाल पुँजीवादबाट अझै तल झरेर इसाई धर्ममा पतनको पराकाष्ठा थियो भने पहिलो भौतिकवादको रक्षा, प्रयोग र विकासको परिणामका रूपमा एक झलक थियो । अर्को शब्दमा दोस्रोको पतन र पहिलोको स्थापना थियो । पहिलो कार्यक्रमका प्रमुख अतिथि नेकपा स्थायी समिति सदस्य तथा उत्पीडित जनताका प्रतिनिधि प्रकाण्ड थिए भने दोस्रो कार्यक्रमको प्रमुख अतिथि दक्षिणकोरियामा अमेरिकाली कारिन्दाका रूपमा कुख्यात युनिफिकेसन चर्चकी प्रमुख हकजा हानमुन थिइन् । श्रीमती मुनले के.पी. वली र माधव नेपाललाई शुक्राणुसमेत घोलिएको 'होली वाइन' (पवित्र जाँड) खुवाइन् । त्यसैगरी उनले वलीलाई क्रिस्चियन हुन योग्य बनेकोमा १ लाख डलर को पुरस्कार दिइन् । यसबाट प्रचण्ड, नारायणकाजी र बादलहरू पनि 'पवित्र' र दीक्षित भएका छन् । प्रचण्ड पतनको दिशामा झर्दै गर्दा 'खप्परे योग परेर दशा बिग्रेको' ले 'त्यसबाट मुक्ति पाउन भैँसीपूजा गर्नुपर्ने वा फलामको औँठी लगाउनुपर्ने' ज्योतिषको सल्लाहअनुसार त्यसको पालन गरेका थिए । यही विचलनका कारणले नै इसाईवादी एमालेमा एनेकपा (माकेलाई विलिन गराएको प्रमाणित भएको छ । त्यसकारण कथित डबल नेकपा मालेमावादी होइन, बरु इसाईवादी तथा साम्राज्यवादको दलाल भएको छ ।

नेपालमा आज दुई दार्शनिक शिविर द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद र अधिभूतवादी आदर्शवादबीच गोलाबारी सुरु भएको छ । भौतिकवादमाथि धावा बोल्न साम्राज्यवादीहरूले भौतिकवादको दोसल्ला ओढेका आफ्ना इसाई नोकरहरूलाई अघि सारेका छन् । हाम्रो अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टी महासचिव क. विप्लवको नेतृत्वमा अधिभूतवादी आदर्शवादका विरुद्ध लड्न मैदानमा उत्रिएको छ ।

माथि हामीले धर्मसम्बन्धी मार्क्सवाद के हो भन्ने कुरा मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओका उद्धरण उद्धृत गरेर स्पष्ट गर्न खोजेको छौँ । मार्क्सले तरुण हेगेलवादबाट समेत मुक्त भएपछि आदर्शवादको आधारका रूपमा रहेको धर्मबारे स्पष्ट पार्नुभएको थियो । उहाँ के निष्कर्षमा पुग्नुभएको छ भने उत्पीडित र सहाराविहीन मानिसको सुस्केराका रूपमा पैदा भएको धर्म जनताका लागि अफिम नै हो । अफिमको नसाले तत्काल आनन्द दिए पनि केही समयपछि यो प्राणघातक बन्दछ । धर्मले यही काम गर्दछ । त्यसकारण यसको उन्मूलन आवश्यक बन्न जान्छ । यसो गर्नुको अर्थ जनताको भ्रमपूर्ण खुसीको विकल्पमा वास्तविक खुसी प्राप्त गर्ने प्रक्रियामा अघि बढ्नु हो । भ्रमहरूबाट मुक्त हुनका लागि भ्रमहरूको आवश्यकता पर्ने राज्यको अन्त्य गरेर भ्रममुक्त जनसत्ता स्थापना गर्नुपर्दछ । यो कुरा कति मार्मिक छ भने आज नेपालका कम्युनिस्ट खास्टो ओढेका केपी र प्रचण्डलाई आफ्नो मक्किएको राज्यसत्ता टिकाउन भ्रमको आवश्यकता परेको छ । त्यसैले उनीहरू हिन्दु धर्मभन्दा शक्तिशाली रहेको इसाई धर्मको सहारा लिन बाध्य भएका छन् । ईश्वरले ती मुठीभरलाई मात्र आशीर्वाद प्रदान गर्छन् जससँग अकूत धनदौलत छ ।

एङ्गेल्सको उद्धरणले केपी र प्रचण्डको यसरी झ्याँको झारेको छ, उनीहरूको इसाई धर्मनिर्देशित 'समाजवाद' ले भन्दछ, नेपाली जनताको मुक्ति यो जुनीमा सम्भव छैन । मृत्युपछिको स्वर्गमा मात्र सम्भव छ । विप्लव नेतृत्वको कम्युनिस्ट पार्टीले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादबाट निर्देशित भई पुरानो सत्ता परिवर्तन गरेर मात्र हुन्छ भन्दछ । जनताको वैज्ञानिक समाजवाद एकीकृत जनक्रान्तिद्वारा ईश्वरको राज्यसत्ता ढालेर प्राप्त हुन्छ ।

लेनिनले हामीलाई के सिकाउनुभएको छ भने धार्मिक रूढिवाद फलहीन फूल भए पनि यसका जराहरू जनताको अज्ञानता र गरिबीमाथि गाडिएकाले 'जीवन्त, उर्वर, वास्तविक, शक्तिशाली, सर्वशक्तिमान, वस्तुगत र निरपेक्ष' छन् । यसलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी ज्ञानको प्रकाशमा मात्र जनताले उखेल्न सक्दछन् । त्यसकारण ज्ञानको महत्व नबुझ्ने विल्हेल्म वेटलिङलाई मार्क्सले भन्नुभएको थियो, 'अज्ञानताले कहीँ पनि क्रान्ति भएको छैन ।'

स्टालिनले हामीलाई के सिकाउनुभएको छ भने चेतना, आत्म र मन ज्ञानका स्रोत होइनन्, बरु भौतिक पदार्थ नै ज्ञानको जननी हो । अथवा यसो पनि भन्न सकिन्छ चेतना, आत्म र मन पदार्थकै उच्चतम् विकासका परिणाम हुन् । केपी वली, प्रचण्ड र बाबुराम भट्टराई चेतना, आत्म र मनलाई पदार्थभन्दा जेठो ठान्ने भएकाले नै इसाई धर्मका पक्षपाती भएका छन् ।

माओले हामीलाई के सिकाउनुभएको छ भने प्राकृतिक र सामाजिक परिघटनाहरूको विश्लेषण गर्ने साधन र स्रोतको अभावले गर्दा आदिमानव आत्मको सहारा लिन पुगेका थिए । उनीहरूको गरिबी, दुःख र अज्ञानताबाट धर्मको जन्म भयो । यही धर्मको जगमा आदर्शवादी दर्शनको विकास भयो ।

गरिबी, दुःख र अज्ञानताबाट पैदा भएको यो अफिमतुल्य फलहीन फूलका जरा उखेल्न कुनै पनि मालेमावादीले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी ज्ञानको विकास गर्नैपर्छ । भ्रमको आवश्यकता पर्ने राज्यसत्ता ढाल्नुपर्दछ । त्यसकारण कार्ल मार्क्सले भन्नुभएको छ, 'मजदुरहरूसँग सफलताको एउटा तत्व छ, त्यो हो सङ्ख्या । परन्तु सङ्ख्या तब निर्णायक हुन्छ, जब जनसाधारण सङ्गठनमा आबद्ध हुन्छन् र ज्ञानले उनीहरूको नेतृत्व गर्दछ ।'

–अन्तर्राष्ट्रिय मजदुर सङ्घको उद्घाटन घोषणा, १८६४, मा. ए. सङ्कलित रचना, खण्ड २, भाग २, हिन्दी संस्करण, पृ. १७ ।

नेपालमा भौतिकवादको बोलवाला भएपछि दलाल पुँजीवादीहरूलाई मात्र होइन, साम्राज्यवादीहरूलाई पनि निद्रा लागेको छैन । त्यसैले नेपालमा भारतबाट हिन्दुवादीहरू र बुद्धवादीहरू, अमेरिका र युरोपबाट इसाईहरूले हमला गरिरहेका छन् । इसाईहरू मिसन चर्च नेपाल, सहयोगी हातहरू, मिलिजुली नेपालीजस्ता नाममा समेत गैरसरकारी संस्थाद्वारा गरिब र अज्ञानी बस्तीमा पुगिरहेका छन् । काठमाडौँ उपत्यकावरिपरिका चेपाङ र तामाङ बस्तीहरूमा उनीहरू पुगिरहेका छन् । त्यसैगरी रामदेवको पतञ्जली, ब्रह्मकुमारी, ओम शान्तिजस्ता धार्मिक संस्थाद्वारा भारतले व्यापार र गुप्तचरी चलाइरहेको छ । भारतको त नेपालका विभिन्न धार्मिक मन्दिरहरूमा पुजारी नै रहेका छन् जस्तो पशुपतिनाथ र मुक्तिनाथमा हामी देख्न सक्छौँ । काठमाडौँ र काठमाडौँका विभिन्न थुम्काहरू, पोखरा र पोखराका विभिन्न थुम्काहरूमा बुद्ध गुम्बाहरू रणनीतिक हिसाबले बनाइएका छन् । यसैगरी मुस्लिम मस्जिदहरू पनि यहाँ रहेका छन् । चर्च, मन्दिर, गुम्बा र मस्जिदहरू बनाइएकोमा हाम्रो आपत्ति होइन, बरु धर्मको बहानामा नेपाली जनतालाई बेबकुफ बनाउने, चेलीहरूको इज्जत लुट्ने, देशको आन्तरिक मामलामा खलल पुऱ्याउन गुप्तचरी गर्ने, आफ्नै विशेषताको समाजवादी व्यवस्था भएको चीनका विरुद्धको गतिविधिको केन्द्र नेपाललाई बनाउने कुकार्यको भण्डाफोर गर्नु हाम्रो दायित्व हो । इसुको नाम जप्न लगाएर बिरामीलाई विज्ञानले तयार पारेको औषधि दिई सन्चो गराउनु भ्रम मात्र होइन, आपराधिक कार्य हो । गरिब बस्तीमा चर्च खडा गर्दै जनतालाई कोकाकोला र पेप्सीकोला दिएर इसाई समर्थक बनाउनु गरिब तथा अज्ञानी जनताप्रति साम्राज्यवादीहरूको माया-ममता होइन, बरु देश लुट्ने प्रपञ्च हो । गुप्तचरी गर्नु कुनै धर्म होइन, बरु ठूलो पापी र अपराधी काम हो । गरिब नेपाली जनतालाई पैसा दिएर अथवा कुनै पनि भौतिक लोभ देखाएर धार्मिक अन्धविश्वासी बनाउनु ठूलो पापी र आपराधिक कार्य हो । यो देशको प्रधानमन्त्री नै एक लाख डलरमा क्रिस्चियन बनेपछि सर्वसाधारणको के हालत होला, सहजै बुझ्न सकिन्छ ।

जनताको हकमा कुनै पनि धर्म मान्ने वा नमान्ने व्यक्तिको स्वतन्त्रताको कुरा हो । धर्म राज्यबाट अलग हुनुपर्दछ । तर अमेरिका र युरोपेली देशहरूले धर्मलाई राज्यदर्शन बनाएका छन् । धर्म नमान्नु पनि अधिकार र स्वतन्त्रताको कुरा हो । कम्युनिस्टहरू धर्म मान्दैनन् किनभने उनीहरू भौतिकवादी हुन् । भौतिकवाद भनेको वैज्ञानिक दर्शन हो । विज्ञानले अन्धविश्वासलाई मान्दैन । धर्म भनेको परम्परागत, सांस्कृतिक र अलौकिक अन्धविश्वास हो । कम्युनिस्ट पार्टीका लागि धर्म कुनै निजी मामला होइन । त्यसकारण लेनिन भन्नुहुन्छ :

'समाजवादी सर्वहारा वर्गको पार्टीमा धर्म कुनै निजी मामला होइन । हाम्रो पार्टी भनेको श्रमिक वर्गको मुक्तिका खातिर वर्गसचेत र अग्रगामी सेनानीहरूको सङ्घ हो । यस्तो संस्था धार्मिक विश्वासका रूपमा वर्गसचेतनाको अभाव, अज्ञानता र रूढिवादप्रति न त तटस्थ रहन्छ, न रहनुपर्दछ । हामी शुद्ध रूपमा विचारधारात्मक तथा केवल विचारधारात्मक अस्त्रसहित, केवल समाचारपत्र र भाषणको माध्यमले लड्दै पूर्ण रूपमा चर्चको विस्थापन गर्ने माग गर्दछौँ । 'अनि हाम्रा लागि विचारधारात्मक सङ्घर्ष निजी मामला होइन, बरु समग्र पार्टी र समग्र सर्वहारा वर्गको मामला हो ।'

–लेनिन, समाजवाद र धर्म, १९०५, अङ्ग्रेजी संस्करण ग्रन्थ १०, पृ.८५-८६ ।


केपी वली र प्रचण्डको पार्टी कम्युनिस्ट पार्टी वा भौतिकवादी होइन किनभने उनीहरू लेनिनको यो सिद्धान्तबाट च्यूत भएका छन् । माथि गरिएको विश्लेषणले पनि यसको पुष्टि भइसकेको छ । यही कारणले गर्दा शोषित- उत्पीडित नेपाली जनताप्रति उनीहरूले गद्दारी गरिसकेका छन् । धर्मनिरपेक्षताका नाममा उनीहरूले इसाई साम्राज्यवादको ढोका खोलिदिएका छन् ।

जनताले यो अपराधको उचित सजाय एक दिन दिनेछन् । नेताहरूलाई कथित 'पवित्र जाँड' चाखेर नेपाललाई साम्राज्यवादको क्रीडास्थल बनाउने कुनै अधिकार छैन ।

गौतम बुद्ध मानव दुःख र पीडाको अन्त्य गर्न राजमहल त्यागेर ज्ञानको खोजीमा हिँडेका मानिस हुन् । उनको वाणी थियो, 'धर्मको शरणमा जान्छु, सङ्घको शरणमा जान्छु, बुद्धको शरणमा जान्छु ।' धर्मको अर्थ गरिब- दुःखीहरूको कल्याण र मुक्तिको कुरा हो । उनी समाज र सङ्घलाई मान्दथे, व्यक्तिको निर्णयलाई मान्दैनथे भन्ने कुरा प्रस्तुत वाणीबाट बुझिन्छ । बुद्धको शरणमा जानु भनेको ज्ञान प्राप्त गर्नु र त्यसको प्रकाशमा हिँड्नु हो । उनी वास्तवमा बहुजन हितायका पक्षमा थिए । मुठीभर शोषकहरूका पक्षमा थिएनन् । बुद्ध मूर्तिपूजाका विरोधी थिए । एउटा भौतिकवादी दार्शनिकलाई आज भगवान्का रूपमा पूजा गरिँदैछ । हिनयानी बुद्धवादी होऊन् वा बज्रयानी, उनीहरू सबैले गौतम बुद्धको सिद्धान्तविपरीत व्यवहार गरिरहेका छन् । जिसस क्राइस्टको बलिदान आज भेनेजुयलाको सार्वभौमसत्तामाथि आक्रमण गर्ने थिएन । डोनाल्ड ट्रम्पले प्रधानमन्त्री हुँदा दुईवटा बाइबल (एउटा आमाले दिएको र अर्को राज्यले दिएको) शिरमा राखेर शपथ खानुको अर्थ के सिरियामा ५ लाखभन्दा बढी मानिसहरूको ज्यान जाने गरी आक्रमण गर्नु हो ? के मेक्सिकोको सिमानामा पर्खाल

... बाँकी पृष्ठ ४ मा

# द्वन्द्वात्मक भौतिकवादविरुद्ध ‘द्वन्द्वात्मक भौतिकवादी’



गुणराज लोहनी

### आधार

सन् १९०८ मा लेनिनको दर्शनसम्बन्धी एउटा पुस्तक प्रकाशित भयो ‘भौतिकवाद र अनुभवसिद्ध–आलोचना ।’ उक्त पुस्तकमा उहाँले मुख्य रूपमा बीसौँ शताब्दीको पूर्वार्द्धमा भौतिकवादीका नाममा भौतिकवादमाथिको आक्रमणको पर्दाफास गर्नुका साथै उनीहरूको असली अनुहार उदाङ्गो पार्नुभएको छ । मार्क्स–एङ्गेल्सद्वारा प्रतिपादित द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमाथि आफूलाई खाँटी भौतिकवादी मात्र नभएर मार्क्सवादी भनेर भ्रम फैलाउनेहरूबाटै आक्रमण भएको थियो । त्यसैले लेनिनले आफ्ना समकालीन ती स्वघोषित भौतिकवादीहरूका विरुद्ध लगभग २ वर्ष लगाएर पुस्तक नै तयार पार्नुभएको थियो । यसको मुख्य कारण १९०५ मा भएको असफल क्रान्ति भन्ने गरिन्छ । त्यस समयमा रुसभित्रका प्लेखानोभ जसलाई लेनिनको भाषामा रसियन माखपन्थीहरू मुसाका लागि बिरालो सम्झिन्थे उनले दर्शनको क्षेत्रबाट लेनिनमाथि आक्रमण गरेका थिए । यसका साथै रसियन माखपन्थीहरू जाकोभ बर्मन, ओसिप हेल्फोन्ड र सर्गेइ सुवोरोव थिए । उनीहरूका भौतिकवादका विरुद्ध गरेका आक्रमणमा प्रयोग गरिएका रिचार्ड अभिनारिएस, इर्न्स्ट माख र रिचार्ड वोन स्चुर्ब–सोल्डेर्नका भनाइहरूलाई लेनिनले कसरी अभौतिकवादी छन् भनी उद्धृत गर्नुभएको थियो ।

अस्ट्रियाको भियनामा भौतिक शास्त्र पढाउँदै आएका र भौतिक विज्ञानमा धेरै खोज गरेका डाक्टर माख वास्तवमा अन्तर्वर्तीवादी (Immanentist) थिए, प्रत्यक्षवादी, अनुभवसिद्ध आलोचनाका संस्थापक अभिनारिएस प्रोफेसर थिए भने अर्का प्रोफेसर रिचार्ड वोन अन्तर्वर्तीवादी थिए । भौतिकवादीका रूपमा प्रख्याती पाएका यी विद्वान्हरूको भौतिकवादी मुकुन्डो च्यात्न जरुरी भएर लेनिनले ‘प्रतिक्रियावादी दर्शनमाथि आलोचनात्मक टिप्पणी भौतिकवाद र अनुभवसिद्ध आलोचना’ तयार पार्नुभएको थियो ।

उक्त पुस्तकमा अनुभवसिद्ध आलोचना तथा द्वन्द्वात्मक भौतिकवादको ज्ञान–सिद्धान्त–१, अनुभवसिद्ध आलोचना तथा द्वन्द्वात्मक भौतिकवादको ज्ञान–सिद्धान्त–२, अनुभवसिद्ध आलोचना तथा द्वन्द्वात्मक भौतिकवादको ज्ञान–सिद्धान्त–३, अनुभवसिद्ध–आलोचनाका सहयात्रीहरू र उत्तराधिकारीहरूका रूपमा दार्शनिक–आदर्शवादीहरू, प्रकृति विज्ञानमा नवीन क्रान्ति तथा दार्शनिक भाववाद र अनुभवसिद्ध–आलोचना र ऐतिहासिक भौतिकवाद गरी ६ वटा भागमा लेखिएको तत्कालमा उठेको पदार्थ र चेतनाको सम्बन्ध, ज्ञान–सिद्धान्त र प्रकृति विज्ञानका खोज, अनुसन्धान र आविष्कारसँग ऐतिकासिक भौतिकवादको सम्बन्धलाई स्पष्ट पारेकाले दर्शनमा मार्क्सवादको विकास मान्न सकिन्छ ।

### सन्दर्भ

यहाँ लेनिनको भौतिकवाद र अनुभवसिद्ध–आलोचनाको समीक्षा वा समालोचना गर्न लागिएको हैन । लेनिनपछि विश्वमा कस्ताकस्ता भौतिकवादीहरूले फेरि कसरी भ्रम दिइरहेका छन् र यसबीचको १ सय १२ वर्षमा ज्ञान–सिद्धान्त, पदार्थलाई हेर्ने दृष्टिकोण र यान्त्रिक विज्ञान मूल रूपमा प्रकृति विज्ञानमा भएको अनुसन्धान, खोज र आविष्कारको प्रभावले भौतिकवादलाई कहाँ पुऱ्याएको छ, पछिल्ला वैज्ञानिक खोज, अनुसन्धान कसरी भौतिकवादी छन्, यी विषयमा सामान्य छलफल गरिनेछ ।

छलफल किन आवश्यक पऱ्यो भने द्वन्द्वात्मक भौतिकवादलाई दर्शन मानेर विगतमा प्रतिक्रियावादी सत्ताका विरुद्ध हतियार उठाएका दुई पार्टीका मुख्य नेताहरूले नेतृत्व गरेका पार्टीहरूको एकीकरण भएको पार्टीको अहिले सरकार छ । के उक्त सरकार र पार्टीका क्रियाकलाप भौतिकवादी छन् ? छैनन् भने किन छैनन् ? आफ्नो जीवनको तीन चौथाइ समय भौतिकवादी भएका मार्क्सवादका नेपाली भाष्यकारहरूले किन मार्क्सवाद नै परित्याग गर्न पुगेका छन् ? सरकारका क्रियाकलाप र मार्क्सवादमा नै विद्यावारिधिधारी, प्राध्यापक र भाष्यकारहरू किन अन्तर्वर्तीवादी हुन पुगेका छन् ? यी सोचनीय विषयहरू भएकाले नयाँ विश्लेषणको आवश्यकता परेको छ ।

अहिलेसम्म प्राप्त लिखित प्रमाणका आधारमा एरिस्टोटल आदर्शवाद र भौतिकवादका बीचमा डोलित हुन पुगेका थिए । ग्रिक दार्शनिक ल्युकिपस र डेमोक्रिट्सले पदार्थ परमाणुबाट बनेको हुन्छ भन्दै आफूहरू भौतिकवादी भएको घोषणा गरेका थिए । १८३० मा नै जर्मनीमा भौतिकवादको वकालत गर्न लुडविक फायरबाख पुगेका थिए । मार्क्स–एङ्गेल्सपूर्व फायरबाख नै सच्चा भौतिकवादी थिए तर उनले द्वन्द्ववादलाई स्वीकारेनन् साथै मानिसलाई अमूर्त व्यक्ति, विशुद्ध जैविक सत्तामा मात्र सीमित राखे । ज्ञानको सिद्धान्तमा फायरबाखले अनुभववाद तथा सवेदनवादको दृष्टिकोणको पक्षपोषण गर्न पुगेका थिए । सुरुमा आदर्शवादविरोधी भए पनि अन्त्यमा उनी धर्मविरुद्ध सङ्घर्ष गर्न नसकेर अर्को धर्मको खोजीमा लागेका थिए ।

### नेपाल सन्दर्भ

सरकारसीन नेपाल कम्युनिस्ट पार्टी र त्यसका नेताहरूको दार्शनिक पक्षधरता कस्तो भन्ने कुरा बुझ्नका लागि खासै मेहनत गर्नु पर्दैन । २०७७ साल भदौ २२ गतेको कान्तिपुरमा प्रकाशित ‘महामारीका बेलामा मन्दिरमा लगानी’ शीर्षकको मुख्य समाचार पढे पुग्छ । उक्त समाचारमा भनिएको छ, ‘प्रधानमन्त्री केपी शर्मा वलीले भानुजयन्तीका अवसरमा असार २९ गते पौराणिक ग्रन्थ रामायणका पात्र रामको जन्मभूमि अयोध्या नेपालमा नै रहेको अभिव्यक्ति दिए । वीरगन्जको छेउको ठोरीमा रामको जन्म भएको ठोकुवा नै गरेका उनले साउन २४ गते चितवनको माडीका जनप्रतिनिधिलाई काठमाडौँ बोलाए । त्यतिखेर उनले माडीमा राम मन्दिर निर्माणबारे अध्ययन गर्न आग्रह मात्र गरेनन्, मन्दिर बनाउन सबै खर्च जोहो गर्ने वचन दिए । ....मन्दिर निर्माणका लागि ५० बिघा जग्गा तीन ठाउँमा हेरेका छन् । ....माडी त्यही ठाउँ हो जहाँ निकुञ्ज छेउछाउमा बसोबास गरेका सुकुमबासी चेपाङको घरमा सैनिकले साउन २ गते आगो झोसिदिएका थिए भने घोंगी खोज्न गएका बेला साउन १ मा सैनिकको पिटाइबाट घाइते भएका राजकुमार चेपाङको मृत्यु भएको थियो ।

...पत्थरी त्यही ठाउँ हो जहाँ गत जेठ ६ गते भोकलाई जित्न नसकेर ५० वर्षीय मलर सदाको निधन भएको थियो ।

केन्द्र र सातवटै प्रदेश सरकारले मठमनिदर निर्माण, पुनर्निर्माण र स्तरोन्नतिमा चालू आर्थिक वर्षका लागि मात्रै १ हजार ३ सय ३९ ठाउँका....लागि २ अर्ब ६४ करोड ५२ लाख ४१ हजार रुपैयाँ छुट्ट्याएका छन् ।’

माथिको समाचार यहाँ राख्नुको मुख्य कारण अहिले जनतालाई कोरोनाको त्रासले दिएको भोक, रोगको बेवास्ता गर्दै कम्युनिस्ट नामधारी सरकार मन्दिर बनाउन उद्यत रहेको छ । सङ्क्रमणले देश लपेटिरहेको भनिएको समयमा मिथक रामायणमा आधारित पात्रको दरबार बनाउन लागिपरेको छ । यसले सरकारी नेकपाका नेताहरूमा द्वन्द्वात्मक भौतिकवादी चेतको त कुरै नगरौँ, कुनै पनि फुर्को लगाइएको भौतिकवादीसम्म पनि रहन सकेको छैन । तर पनि तत्कालीन एमालेले मार्क्सवाद–लेनिनवाद र तत्कालीन नेकपा (माओवादी केन्द्र) ले मार्क्सवाद–लेनिनवाद–माओवादलाई मार्गनिर्देशक सिद्धान्त स्वीकारेका कारण उनीहरूले द्वन्द्वात्मक भौतिकवादलाई नीतिगत रूपमा स्वीकार गरेको भन्नुपर्ने हुन्छ । तर सरकारी नेकपाका कुनै पनि नेताहरूले द्वन्द्वात्मक भौतिकवादसँग सम्बन्धित लेख लेखेका छैनन् । जनयुद्धकालमा संशोधनवाद, प्रतिक्रियावाद र तत्कालीन अवस्थाको राजनीतिका बारेमा पुष्पकमल दाहालले दर्जनौँ लेखहरू लेखेका छन् । उनका लेखसङ्ग्रहहरू पनि प्रकाशित छन् । तर उनको कुनै पनि लेख दर्शनसँग सम्बन्धित छैनन् । केपी वलीको त कुरै नगरौँ ।

झापा विद्रोहका नायकहरूमध्येका एकजना र नेपालका नेल्सन मन्डेला भनेर चिनिएका मोहनचन्द्र अधिकारी २०५२ सालमा भागवत् गीतालाई च्यापेर बृन्दावनतिर लागेका थिए । २०५१ सालमा एमालेका तर्फबाट प्रधानमन्त्री बन्न पुगेका मनमोहन अधिकारीले बालुवाटार प्रवेश गर्दा कालो बोको काटेको सबैलाई थाहा छ । त्यही समयका शिक्षामन्त्री मोदनाथ प्रश्रित जो आफूलाई धुरन्धर भौतिकवादी भन्दथे (उनका किताबहरू देवासुर सङ्ग्राम, अतीतका पाइलाहरू आदर्शवादका विरुद्ध लेखिएका छन्) उनले देवघाटमा गएर कोटीहोममा जनै लगाएर चरु होमेका थिए । यी तथ्यहरूलाई उजागर गरेपछि तत्कालीन एमाले भौतिकवादी रहेन भन्न कुनै अप्ठ्यारो पर्दैन । उनीहरू घोषित रूपमा नै धर्मवादी, आस्थावादी, आदर्शवादी भए । बरु उनीहरूलाई फायरबाख जो पहिला भौतिकवादी थिए, जीवनको अन्त्यतिर आदर्शवादको शरणमा पुगेका थिए, उनीसँगको पङ्क्तिमा खडा गर्दा कुनै अन्याय हुँदैन ।

जहाँसम्म जनयुद्धको नेतृत्व गरेका प्रचण्डको कुरा छ, उनले शान्तिप्रक्रियामा आएर जुन दिन भैँसीपूजा गरे, त्यसै दिनदेखि विधिवत् भौतिकवादको परित्याग गरे भनेर भन्न कुनै हिच्किचाउनु पर्दैन । यसरी विगतमा मार्क्सवादका आधारमा बल प्रयोग गरी पुरानो सत्ताको ध्वंस गरेर साम्यवाद स्थापना गर्ने हेतुले हतियारबद्ध आन्दोलन गरेका झापा विद्रोह र त्योभन्दा सयौँ गुना ठूलो मात्रा र गुणमा भएको जनयुद्धका नायकहरूले सजिलै भौतिकवाद परित्याग गरेका छन् । उनीहरूका बारेमा अब उनीहरू कुन वादी हुन भनेर दिमागमा अनावश्यक बल लगाएर सोच्नुपर्ने जरुरी अब रहेन ।

यिनीहरूबाहेक पनि नेपालमा आफूलाई द्वन्द्वातमक भौतिकवादी भन्न रुचाउने समूह र व्यक्तिहरूको सङ्ख्या औँलामा गर्न पुग्ने छन् । मार्क्सवादी नभएका तर भौतिकवादी भन्न पछि नपर्ने वर्तमानमा प्रदिप गिरी, चैतन्य मिश्र, पूर्वमाओवादी नेता बाबुराम भट्टराई, हिसिला यमिहरू छन् । उनीहरूका बारेमा धेरै कुरा नगरौँ । उनीहरू फायर बाखको पदचापमा छन् । यस्ता पात्रहरू विश्वभरि निकै ठूलो सङ्ख्यामा छन् । विश्वजगत्मा चर्चामा आएका ५० जना समकालीन भनिएका दार्शनिकहरूमध्येका कलर कन्सिएस : पोलिटिकल मोरालिती चेसका लेखक बेलायतका क्वाम इन्थोनी, बिइङ एन्ड इभेन्टका लेखक फ्रान्सका अलैन बाडिउ, प्राफिट ओभर पिपल, म्यानुफ्याक्चरिङ कन्सर्नका लेखक नोम चोम्स्कीहरू हुन् । उनीहरू वर्तमान पुँजीवादी व्यवस्थामा आएका समस्याहरूको किटान आर्थिक रूपमा त गर्दछन् तर दार्शनिक, वैचारिक रूपमा आदर्शवादसँगको सञ्जालबाट बाहिर आउन सकेका छैनन् । उनीहरूका बारेमा पुस्तकमा विस्तृत व्याख्या गरौँला ।

### वर्तमानमा भौतिकवाद

मार्क्स–एङ्गेल्सपछि लेनिनले ज्ञान–सिद्धान्त, पदार्थ र यन्त्रवाद, भौतिक विज्ञानमा उठेका प्रश्नहरूको उत्तर दिनुभएको थियो । प्रकृति विज्ञानमा भएको प्रचुर खोज, अनुसन्धान र आविष्कारका बाबजुद पनि अहिले आदर्शवाद जब्बर भएको छ । सही भौतिकवादीहरूले यसको तथ्यपरक खण्डनमण्डन गरिराखेका छैनन् । बरु आदर्शवादीहरूले नै भौतिक विज्ञानमा भएका विकासहरूको दुरुपयोग गरिराखेका छन् धर्म बचाउन र प्रचारका लागि । यसका लागि मसिनो गरी तथ्यहरूलाई सङ्कलन गरी द्वन्द्वात्मक भौतिकवादमा विकास गर्न जरुरी भएको छ ।

लेनिनको पालामा पनि ‘पदार्थ लुप्त भएको छ’ भन्न थालिएको थियो । त्यो पनि विज्ञानले विकास गरेका प्रविधि र उपकरणको प्रयोग गरेर । यसको उत्तर दिँदै लेनिनले पिण्डको बनावटको उदाहरण दिनुभएको थियो । ४ सय ५० इसापूर्व डिमोक्रिटसले पत्ता लाएको र १८६९ मा रुसका डिमिट्रिमेन्डलिफले पिरियोडिक टेबलका अनुसार पृथ्वीमा रहेका ९२ वटा तत्वहरूलाई लेनिनले तत्वमा रहेको परमाणुको एउटै चरित्र भएको इलेक्ट्रोनका बारेमा दार्शनिक रूपमा व्याख्या गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो, ‘पदार्थ लुप्त भएको छ भने उनीहरूको भनाइको तात्पर्य यो हो कि अहिलेसम्म विज्ञान भौतिक जगत्को आफ्नो जाँचका तीन अन्तिम सङ्कल्पनाहरूसम्म सीमित गरिन्थ्यो– पदार्थ, विद्युत् तथा इथर, जब कि अहिले केवल बाँकी दुई मात्र बचेका छन् । त्यसकारण अहिले पदार्थलाई विद्युत्सम्म सीमित गर्न सम्भव हुन गएको छ ।’ (प्रकृति विज्ञानमा नवीनतम् क्रान्ति तथा दार्शनिक भाववाद–पदार्थ लुप्त भएको छ, भौतिकवाद र अनुभवसिद्ध–आलोचना)

यसरी लेनिनले प्रकृति विज्ञानका आधारमा नै वस्तुको अस्तित्वको पुष्टि गर्नुभएको थियो । लेनिनले भनेको जस्ता तीनवटा सङ्कल्पनाहरूमध्ये इथर भन्ने कुनै तत्व नभएर यौगिक थियो । ग्रिक भाषामा इथरको अर्थ भगवान् हुन्छ । सूर्यबाट पृथ्वीसम्म प्रकाश इथरको माध्यमबाट आइपुग्छ भन्ने कुरा १८८१ देखि १८८७ सम्म भएको मकिल्सन–मोर्लेको प्रकाशको गतिसम्बन्धी प्रयोग असफल भएको थियो । त्यसबेलासम्म इथर चम्किलो हुन्छ । त्यसैले प्रकाश तीव्रगतिमा बिनाकुनै रोकावट सूर्यबाट पृथ्वीमा आउँछ भन्ने थियो । त्यो असफल प्रयोगले सूर्य र पृथ्वीवरिपरि चम्किलो इथरको हावा चल्छ भन्ने भनाइ (कल्पना) लाई असत्य प्रमाणित गरिदिएको थियो । सम्भवतः निर्वासित जीवन बिताउनुपर्दा पछिल्ला आविष्कार, अनुसन्धान र खोजका बारेमा लेनिन अद्यावधिक हुन पाउनुभएन । जे होस् उहाँले वस्तुको अस्तित्व र भौतिकवादको जमेर प्रमाणित गर्दै द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा थप विकास गर्नुभएको थियो ।

१९०५ मा अल्बर्ट आइन्स्टाइनले सापेक्षताको सिद्धान्तलाई सूत्रबद्ध गर्नुभयो । आइन्स्टाइन चम्किलो इथरको असफल खोज र म्याक्सवेलको विद्युत् चुम्बकीयवादको सिद्धान्तबाट प्रेरित हुनुभएको थियो । यसैका आधारमा आइन्स्टाइनले प्रकाश विद्युतीय प्रभावका बारेमा खोज गर्नुभयो जसले प्रकाशको सबैभन्दा सानो अवस्था फोनोटको अवधारणा ल्यायो । यो एक किसिमको कण हो । फोटोन भनेको प्रकाशको क्वान्टम परिमाण हो जुन विद्युत् चुम्बकीय विकिरणमा रहेको ऊर्जाको प्याकेट हो । यसले प्रकाशलाई पनि पदार्थ हो भन्ने पुस्टि गर्दछ । जसरी लेनिनले पदार्थलाई विद्युत्सम्म सीमित हुने बताउनुभएको थियो । आइन्स्टाइनले पनि आफ्नो प्रकाश विद्युतीय असरमा वस्तुको इलेक्ट्रोनबाट चम्किलो पदार्थ निकाल्न सकिने अवधारणा ल्याउनुभयो । आइन्स्टाइनको यो तथ्यले भौतिक पदार्थको पुनर्पुष्टि गरेको छ ।

अब आयो क्वाटम सिद्धान्तका बारेमा । पारमाणविक र उपपारमाणविक तहमा रहेको पदार्थको ऊर्जाको आचरण र प्रकृतिलाई व्याख्या गर्ने आधुनिक सैद्धान्तिक आधारलाई क्वान्टम सिद्धान्त भनिन्छ । यसैगरी क्वाटम यान्त्रिकी भनेको सानो मात्रामा रहेको, पारमाणविक र उपपारमाणविक कणहरूको भौतिक रूपमा विशेषताहरूको व्याख्या गर्ने भौतिकशास्त्रको आधारभूत सिद्धान्त हो । यसमा क्वान्टम रसायनशास्त्र, क्वान्टम फिल्ड सिद्धान्त, क्वान्टम प्रविधि र क्वान्टम सूचना, क्वान्टम भौतिकशास्त्र सबै पर्दछन् । एक्काईसौँ शताब्दीमा विज्ञानले गरेको चमत्कार यसैका आधारमा हो जसको दुरुपयोग कथित द्वन्द्वात्मक भौतिकवादी, भौतिकवादी र आदर्शवादीहरूले गरिराखेका छन् ।

### आइन्स्टाइन र प्लङ्कपछि

भौतिक विज्ञानमा सापेक्षता र क्वान्टम सिद्धान्तको खोजपछि पनि निरन्तरता पाइरहेको छ मूलतः वस्तुका बारेमा । उदाहरणका लागि क्वार्कलाई लिन सकिन्छ । क्वार्कको नमुनालाई १९६४ मा मुरेय गेल–म्यान र जर्ज ज्वेइगले पहिलोपटक प्रस्तुत गरेका थिए । दुई वा तीनवटा क्वार्कहरू मिलेर हाड्रोन बनेको हुन्छ । त्यसैगरी प्राटोन पनि दुईवटा अप, एउटा डाउन र ग्लुओनस मिलेर ‘बाइन्डिङ’ बलहरूद्वारा एकआपसमा बनाइएको हुन्छ । यसका बारेमा थप कुरा पछि गरौँला । यहाँ यो प्रसङ्ग उठाउनुको तात्पर्य के हो भने माओले आफ्नो दर्शनको प्रवचनमा १८ अगस्ट, १९६४ मा चुवाङ्जुले भनेको ‘एक फुट लामो वस्तुलाई हरेकपटक आधा–आधा पारेर टुक्र्याउँदै जाने हो भने त्यसलाई कहिल्यै शून्य बनाउन सकिँदैन, यो सत्य हो’ भन्नुभएको छ । उहाँ अगाडि भन्नुहुन्छ, ‘तपाईंलाई विश्वास लाग्दैन भने मनमा गुनिरहनुस् । त्यसरी कुनै वस्तुलाई शून्यमा बदल्न सकिने भएको भए त विज्ञान भन्ने कुनै कुरा नै हुँदैनथ्यो’ भनेर द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादसंगत मात्र भन्ने प्रमाण पेस गर्नुभएको छ भने पदार्थको अस्तित्वलाई पुनर्पुष्टि गर्नुभएको छ ।

१९६० को दशकमा तार सिद्धान्त (स्ट्रिङ थ्यौरी) को आविष्कार भयो । तार सिद्धान्त सबै सिद्धान्त उत्पादन गर्न प्रस्तावित विधिहरूमध्येको एक हो । यो एउटा यस्तो मोडेल हो जसले सबै ज्ञात कणहरू र शक्तिहरूको वर्णन गर्दछ र यसले भौतिक विज्ञानको मानक मोडललाई छोडिदिन्छ जसले गुरुत्वाकर्षणबाहेक सबै कुरा वर्णन गर्न सक्छ । धेरै वैज्ञानिकहरू यसको गणितीय सुन्दरताका कारण तार सिद्धान्तमा विश्वास गर्दछन् । तार सिद्धान्तले ब्रह्माण्डको आधारभूत अवयव एक–आयामिक ‘तार’ ‘बुँदाजस्ता कणहरू’ भन्दा पनि छ वा अतिरिक्त सात आयामको स्थान आवश्यक पर्दछ र यसले सानालाई थप ठूला आयामहरूलाई समावेश गर्ने तरिका प्रस्ताव गर्दछ । तार सिद्धान्तको प्राथमिक लक्ष्य भनेको क्वान्टम यान्त्रिकी (सानो वस्तुको नियम) र सामान्य सापेक्षताको सिद्धान्त (ठूलो वस्तुको नियम) लाई एकल गणितीय रूपले लगातार फममा सामेल हुनु हो । ..ब्रह्माण्ड पक्कै पनि सुसङ्गत छ, हामीसँग गणितीय विवरण जुन सङ्गत छ, पनि आवश्यक छ । विश्वलाई थाहा छ, यहाँ तीनवटा आयामहरू छन् लम्बाइ, चौडा र उचाइ वा गहिराइ र अहिले आएर समय पनि थपिएको छ । तर आयामहरू धेरै छन् भन्ने छ । तार सिद्धान्तअनुसार पछिल्लो आधा शताब्दीको प्रमुख भौतिक विज्ञानको नमुनाले ब्रह्माण्ड १० वटा आयामहरूको साथमा सञ्चालित छ ।

यी तथ्यहरूबाट माओले वस्तुमाथिको एकको दुईमा विभाजन र द्वन्द्वात्मकताको जीवन भन्नु नै विपरीत तत्वहरूबीचको निरन्तर सङ्घर्ष भन्ने अवधारणालाई पुष्टि गर्दछ । अझ एङ्गेल्सले भौतिक विज्ञानका नियमहरू जति पत्ता लाग्दै जान्छन् उति नै भौतिक जगत्का रहस्य खुल्दै जान्छन् र जब सबै नियमहरू सतहमा आउँछन् अनि मान्छेले प्रकृतिमाथि नियन्त्रण गर्न सक्दछ भन्नुभएको छ ।

### निष्कर्ष

पछिल्लो क्रममा प्रत्यक्षवादीहरूले सच्चा भौतिकवादलाई छोपिदिने गरेका छन् । यसको वर्तमान द्वन्द्वात्मक भौतिकवादीले खण्डनमण्डन गरिराखेका छैनन् । प्रत्यक्षवाद भनेको हिजोलाई बिर्सने, भोलिलाई नदेख्ने, वर्तमानलाई मात्र सही ठहऱ्याउने हो । त्यसैले प्रत्यक्षवादीहरूले नयाँ सिर्जना, कल्पना, अनुमान गर्न सक्दैनन् । उनीहरू नयाँ यथार्थको खोज गर्न सक्दैनन् । त्यसैले उनीहरू भौतिकवादलाई परित्याग गर्न पुग्छन् । अझ नेपालमा त लेनिनको शब्दमा भौतिकवादी आदर्शवादबाट ग्रसितहरूको झुण्ड नै तयार भएको छ । उनीहरू भौतिकवादको माला जप्दै आदर्शवादमा विलीन हुन पुगेका छन् । त्यसैले उनीहरू प्रकृति विज्ञानमा थपिएका नयाँ नियमहरूमाथि दृष्टि लगाउने कुनै धृष्टता नै गर्दैनन् । त्यसैको परिणाम मार्क्स–एङ्गेल्स, लेनिन र माओपछि पदार्थको सही विश्लेषण हुनसकेको छैन । अन्ततः उनीहरू द्वन्द्वात्मक भौतिकवादकै आवरणमा त्यसैका विरुद्ध जेहाद छेडिरहेका छन् । भ्रम फैलाइरहेका छन् । कोहीकोही त दर्शन मऱ्योसम्म पुगेका छन् । उनीहरू भौतिक आविष्कार पनि भौतिकवादी दर्शनभित्रकै काम भन्ने सत्यतालाई मनन गर्दैनन् ।

# केन्द्रीय समिति बैठक, कार्यनीतिको बहस र उत्पन्न परिस्थिति



असल क्षेत्री

भर्खर नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिको बैठक सम्पन्न भयो। विश्वसर्वहारा वर्गको टुकडी र नेपाली कम्युनिस्ट र राजनीतिमा फरक धारको प्रतिनिधित्व गर्ने पार्टीको बैठकप्रति विश्वभर छरिएर रहेका नेपालीहरूले चासो, चिन्ता र उत्सुकताका साथ हेरेको पाइयो । एउटा क्रान्तिकारी पार्टीले देश, जनता र आफ्नो राजनीतिक जीवनमा के-कति र कस्तो निर्णय गर्दछ भनेर हेर्नु स्वाभाविक पनि हो । पार्टीका विषयमा बाहिर-भित्रबाट आएका प्रतिक्रिया र पार्टीले लिएका अवधारणाबारे यहाँ चर्चा गर्नु सान्दर्भिक नै हुन्छ।

कम्युनिस्ट पार्टी सञ्चालन विधि भनेको लेनिनवादी सङ्गठन सञ्चालन र परिचालनसम्बन्धी सिद्धान्त वा विधिमा आधारित रहेको हुन्छ । संस्थागत पार्टी सञ्चालन विधि र मूल नेतृत्वमा केन्द्रित रहेको सङ्गठनात्मक शक्तिले मात्र आजको क्रान्ति वा राजनीतिलाई परिणाममुखी विजयसम्म पुऱ्याउन सक्छ । सिद्धान्त र व्यवहारलाई सही रूपमा तालमेल मिलाउनु र क्रान्तिलाई अगाडि बढाउनु एक-अर्काका पूरक कुराहरू हुन् । सिद्धान्तहरूलाई व्यवहारमा परिणत गर्न सकिएन भने ती केवल खोक्रा फलाक्ने सिद्धान्तहरू मात्र बन्ने गर्दछन् । क्रान्ति त्यति बेला मात्र सम्भव हुन्छ जति बेला हरेक सङ्गठनहरू उपल्ला समितिहरूबाट निर्देशित हुन्छन्, नि:सर्त योजनाहरूलाई कार्यान्वयन गर्दछन् र नेताहरूले सिद्धान्तहरूलाई व्यवहारमा प्रमाणित गर्ने कोसिस गरिरहेका हुन्छन् । हरेक क्रान्तिहरू नयाँको स्थापनाका लागि भएका हुन्छन् । समाज परिवर्तनका निम्ति क्रान्ति अनिवार्य कुरा हो। क्रान्ति गर्न एउटा असल र कुशल नेतृत्व साथै अनुशासित सङ्गठनको आवश्यकता तथा जरुरी गर्दछ। नेपाली जनताले धेरै आशा, अपेक्षा र भरोसाका रूपमा हेरेको पार्टी हो नेपाल कम्युनिस्ट पार्टी अर्थात् त्यसको मूल नेतृत्व महासचिव कमरेड विप्लव । पार्टीजीवनमा नै सबैभन्दा लामो उक्त पार्टीको बैठक चैत चारदेखि चौध गतेसम्म लगातार बस्यो । आखिर यति लामो समय बैठक बसेर नेपाली जनता र राष्ट्रका पक्षमा केके निर्णय गऱ्यो, जनताले अपेक्षा गर्ने कुरा के हो ?

बैठकका विषयमा मिडिया र सामाजिक सञ्जालहरू रङ्गिए । क्रान्तिकारी भनिने, देखिने, चिनिनेजति सबैले सकारात्मक-नकारात्मक सबै रूपमा बहसहरू गरे । नेपाली राजनीतिमा देखिएको छाडा र अराजकता केही शक्ति र व्यक्तिहरूमा तथानाम देखियो, सुनियो । बाहिरी दबाब र घेराबन्दीले आन्तरिक बहसहरूलाई प्रभावित पार्ने, कमजोर तुल्याउने र आफ्नो स्वार्थमा बहस केन्द्रित गर्न पनि प्रयासहरू भए जो असम्भव थियो। विचार, राजनीति र आजको वस्तुस्थितिको सही मूल्याङ्कनसहित अहिलेको सामाजको मागअनुरूपका नीतिहरू तर्जुमा गर्नु नै सही हुन्थ्यो, त्यही नै भयो । क्रान्तिकारी नेतृत्व र सङ्गठनहरूले कसैको दबाब र तनावमा आफ्ना नीतिहरू तर्जुमा गर्नु हुँदैन । नेता त्यही हुन्छ जसले अरूभन्दा अगाडिको सामाजिक चित्र देखेको हुन्छ। त्यसलाई पूर्णता प्रदान गरिदिने काम नै सङ्गठनहरूको हो । कम्युनिस्ट सङ्गठनहरू पार्टी, क्रान्ति र नेतृत्वप्रति उत्तरदायी भुमिका निर्वाह गर्ने गर्दछन् । बहसहरूलाई व्यक्तिगत स्वार्थकेन्द्रित हैन, सस्थाकेन्द्रित गर्ने गर्दछन। आन्तरिक जनवादलाई सही रूपमा प्रयोग गर्दा सही चित्र नेतृत्वले देख्ने गर्दछ अनि कार्यनीतिहरूमा संश्लेषण गर्ने गर्दछ । पूर्ण जनवादी ढङ्गले सञ्चालन भएको बैठकको चित्र के थियो, सामान्यतः यसको चर्चा गरौँ।

महासचिव कमरेडद्वारा प्रस्तुत प्रतिवेदनमा बहस गर्दै बाह्रौँ केन्द्रीय समिति बैठकले क्रान्तिकारी र दूरगामी महत्व राख्ने कार्यनीति निर्माणसहित तीनवटा विषयमा बहस गरेर निष्कर्ष निकालेको छ र एक मतले प्रतिवेदन पास गर्दै सकिएको छ।

**१) नवौँ महाधिवेशन**

पार्टीको आठौँ महाधिवेशन सम्पन्न भएर समयावधिका रूपमा अर्को महाधिवेशन फागुन वा चैतमा गरिसक्नुपर्ने हुन्थ्यो तर कोरोनाको समस्या, पार्टीका आन्तरिक कामहरूको चापलगायत विषयले गर्दा त्यस समयमा मिलाउन सकिएन तर एक वर्षभित्र महाधिवेशन गर्ने गरी प्रस्ताव आएको छ र त्यसबारे सबैको धारणा सकारात्मक नै रह्यो। कम्युनिस्ट पार्टीहरूका महाधिवेशन विचार, राजनीति र सङ्गठनात्मक दृष्टिले नयाँ हुन्छन्। नेपाल कम्युनिस्ट पार्टीले केही सैद्धान्तिक र दार्शनिक महत्वका विषयहरू उठाएको र ती कतिपय विषयहरू महाधिवेशनमा बहसको बिषय बनाएर टुङ्ग्याउनुपर्ने हुन्थ्यो। आजको विश्व-कम्युनिस्ट आन्दोलनको अवस्था र अगाडि कसरी बढ्न सकिन्छ भन्ने विषय पार्टीका धारणाहरू केही नयाँ पनि छन् । बिश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक रहेको आजको परिवेशमा विश्व कम्युनिस्ट आन्दोलनलाइ नै नयाँ ढङ्गले सङ्गठित गर्ने आन्दोलनको उठान गर्ने र अगाडि बढाउने विषयमा आजका सबै कम्युनिस्टहरूले गम्भीर बहस गर्नुपर्ने अवस्था छ । विश्वपुँजीवाद गम्भीर सङ्कटमा रहेको तर त्यसको वैकल्पिक विश्वव्यवस्थाकै रूपमा समाजवाद जति तीव्र बन्नुपर्ने हो त्यो बनिरहेको छैन । पुँजीवादको विकल्प समाजवाद हो र समाजवादले नै सत्तासङ्कट र जनताको व्यवस्थाका रूपमा खडा हुन सक्छ । नेपालको संसदीय पुँजीवादलाई समाप्त गरी समाजवादी राज्य सञ्चालनको पनि बहसको विषय नै छ।

**२) एमसीसी**

अमेरिकी सहयोग भनिएको परियोजना एमसीसी नेपाली जनताले अस्वीकार गरेको तर नेपालका संसद्वादी पार्टीहरू संसद्बाट पास गरी कार्यान्वयन गर्ने तहमा पुगेका छन्। यस विषयमा क्रान्तिकारी कम्युनिस्टहरूको संयुक्त मोर्चा आन्दोलित छ । त्यो आन्दोलनको मुख्य शक्ति नेकपा नै हो । एमसीसीसम्बन्धी भएका आन्दोलनहरूको समीक्षा र आगामी आन्दोलनको रूपरेखा महासचिवको प्रतिवेदनमा ठूलो दोस्रो एजेन्डा हो । प्रतिवेदनमा लेखिएको छ, 'एमसीसी सम्झौताका विरुद्ध जसरी यसअगाडि पार्टीले एकल, संयुक्त र व्यापक तालमेलमा सङ्घर्ष सञ्चालन गऱ्यो ठीक त्यसैगरी क्रान्तिकारी शक्तिसहितको एउटा मोर्चा र सारा एमसीसीविरोधी शक्तिहरूसहितको अर्को मोर्चा निर्माण गरेर सङ्घर्षलाई सङ्गठित र सुदृढ गर्न जोड लगाउनुपर्दछ । एमसीसी पारितको विषयलाई लिएर विभिन्न पार्टीहरूमा भएका सङ्घर्ष साथै एमसीसीविरोधी नेता, व्यक्तित्व एवम् समूहहरूसँगको छलफलमा व्यक्त भएका सकारात्मक सोचाइहरूले राष्ट्रिय स्वाधीनतालाई केन्द्रमा राखेर एउटा फराकिलो र सशक्त मोर्चा बन्ने सम्भावना पनि बढेको छ । पार्टीले यस क्षेत्रमा सुव्यवस्थित मेहनत गर्नुपर्दछ । सङ्घर्ष सञ्चालन गर्दा जनताकै सहभागिता, परिचालन र हस्तक्षेपद्वारा सफल पार्नेमा मुख्य जोड लगाउनुपर्दछ । तर जनताको आन्दोलनमा बल प्रयोग गरेर दमन भएमा पार्टीले उचित प्रतिरोधको नीतिलाई प्रयोग गर्नुपर्दछ ।'

**३) स्थानीय चुनाव र क्रान्तिको तयारी**

यतिबेलाको जल्दोबल्दो र बहुचर्चित विषय नै हो स्थानीय चुनाव । नेपालमा कम्युनिस्ट स्कुल चुनावविरोधी छ । अझ क्रान्तिकारी देखिन, बन्न सजिलो र सरल उपाय हो दलाल संसदीय चुनावको विरोध, बहिष्कार र खारेजी विभिन्न शब्दावलीमा यसलाई वर्णन गर्दिंदै आएको छ । अर्को चुनावलाई कार्यनीतिक उपयोग भन्दै जाने तर रणनीतिका रूपमा पुऱ्याएर टुङ्ग्याउने अनि संसद्वादमा फस्ने। यी दुवै अनुभवहरू आज हाम्रोजस्तो क्रान्तिकारी पार्टीमा जल्दोबल्दो रूपमा खडा भएको छ। के बहिष्कार गर्दैमा क्रान्तिकारी भैरहने हो ? वा चुनावलाई क्रान्तिको मोर्चाका रूपमा उपयोग गर्दैमा गैर क्रान्तिकारी, संसद्वादी भइने हो ? यो हैन। सत्य कुरा त के हो भने क्रान्तिको विस्तार र विकाससँगै जनसम्बन्धलाइ उचाइमा उठाउन चुनावको प्रयोग गर्न सकिने कुरालाई क्रान्तिकारीहरूले अन्यथा बुझ्न हुँदैन वा सकिँदैन। मार्क्सवाद भनेको उपदेशवाद हैन, मार्क्सवाद भनेको त विज्ञान हो । विज्ञानले व्यावहारिक प्रयोग खोज्ने गर्दछ । समाज विज्ञानमा प्रयोग भएन भने त्यो कमजोर हुन्छ। नेपालका कतिपय कम्युनिस्ट नेताहरू कोठामा बसेर किताब पढ्ने, अरू सबैलाई गैरक्रान्तिकारी देख्ने, आफू मात्र अब्बल दर्जाको क्रान्तिकारी भएको ढोङ फलाक्ने गर्दछन् । तिनीहरूलाई न क्रान्ति कसरी हुन्छ भन्ने थाहा छ, न कसैले गर्न लागेको क्रान्तिलाई क्रान्तिकारी देख्ने आँखा निर्माण भएको हुन्छ । यो आँखाबाट हेर्दा संसदीय व्यवस्थाले गर्ने वा सबैखाले चुनावहरूलाई क्रान्तिको मोर्चाका रूपमा प्रयोग गर्न खोज्दा भएभरका वाद झुन्ड्याएर गाली गर्ने गर्दछन्। पुरानो जडसूत्रीय मार्क्सवादी आँखाबाट हेर्दा हरेक नयाँ कदम गैरक्रान्तिकारी लाग्नु पनि स्वाभाविक हो। विप्लव कमरेडले एकीकृत जनक्रान्तिको कार्यदिशा प्रतिपादन गर्दैगर्दा धेरैलाई त्यस्तै लाग्यो । जनमतसङ्ग्रहको कार्यनीति पनि नयाँ नै थियो । त्यसलाई पनि कयौँले विरोध गरे, आलोचना गरे । अहिलेको बैठकबाट लन्च भएको कार्यनीति पनि कयौँलाई त्यसै लागेको हुनुपर्दछ तर सत्य त क्रान्तिलाई सम्पन्न गर्ने र श्रमिक जनतालाई मुक्त गर्ने कुरा हो । वस्तुगत स्थितिको सही मूल्याङ्कन गर्न नसक्दा क्रान्तिहरू अलपत्र परेका थुप्रै इतिहासहरू हामीमाझ छन् । क्रान्तिमा दुवै खुट्टा सही ढङ्गले चाल्नुपर्ने हुन्छ । कुन खुट्टा अगाडि सार्ने भन्ने अधिकार नेतृत्वलाई हुन्छ त्यसो गर्दा नेतृत्वलाई नै अलगावमा पार्ने गरी बहस गर्नु क्रान्तिकारी लफ्फाजी मात्र हुन जान्छ । क्रान्तिको बाटो बाङ्गोटिङ्गो नै हुन्छ, यो सर्वमान्य कुरा हो । सीधा बाटो हिँडेर कुनै पनि क्रान्तिहरू सम्पन्न भएका छैनन्। आज हुने क्रान्ति कसरी सम्पन्न गर्न सकिन्छ भन्ने कुरा आजको चेतनाले मात्र सम्भव छ, पुरानो गएगुज्रेको चेतनाबाट आजको क्रान्तिको नेतृत्व सम्भव छैन । यतिबेला चुनावसम्बन्धी पारित प्रस्तावभित्र क्रान्तिको नयाँ आकृति हामीले देख्न सक्नुपर्दछ । चुनावसम्बन्धी महासचिव कमरेड प्रस्तावमा लेख्नुहुन्छ, 'देशको वस्तुस्थिति हेर्दा दलाल पुँजीवादी सत्ता र संसदीय सरकार सङ्कटबाट गुज्रिरहेका छन्, संसद्बाट खुलेआम राष्ट्रघात भएको छ । जनता असन्तुष्ट छन् । हाम्रा बन्दी कमरेडहरूलाई पूरै मुक्त गरिएको छैन । झुट्टा मुद्दाहरू खारेज गरिएको छैन । जनजीवन भ्रष्टाचार, तस्करी, महँगीलगायतले तहसनहस छ । श्रमिक जनता र क्रान्तिका मित्रहरू हाम्रो पार्टीप्रति आशावादी छन् । यी पक्षबाट निचोडमा पुग्दा हामी सजिलै चुनावका विरुद्ध बहिष्कारमा जान सक्छौँ तर ठीक अर्को पाटोबाट हेर्दा वस्तुस्थिति फरक छ जस्तो कि हामी दुई वर्षको प्रतिबन्धपछि बाहिर आएका छौँ । राज्यका अनेक षड्यन्त्रकारी घेरा तोडेर टुटेका पार्टी सङ्गठनलाई जनतासँग जोड्न र सुदृढ गर्नु पर्नेछ । मित्रशक्तिहरूलाई सन्तुलित राख्नुपर्ने छ । जनतालाई क्रान्तिका लागि मानसिक एवम् सङ्गठनात्मक ढङ्गले प्रशिक्षित गर्नुपर्नेछ । सम्भव भएसम्म बन्दी कमरेडहरूलाई मुक्त गर्नुपर्नेछ । एकीकृत जनक्रान्तिका पाँच आधारहरूलाई अरू सुदृढ गर्नुपर्ने छ । यसरी विचार गर्दा यसपटकको स्थानीय चुनावलाई पार्टी दर्ता गरेर उपयोग गरिनेछैन तर एमसीसी एवम् राष्ट्रघातविरोधी प्रतिनिधिहरूलाई सहभागी बनाउने र सहयोग गर्ने नीति लिनु उपयुक्त हुनेछ । यसो गर्दा पनि संसदीय व्यवस्थाको राष्ट्रघाती, जनघाती चरित्रको भण्डाफोर गर्न र वैज्ञानिक समाजवादको अपरिहार्य आवश्यकतामामाथि जोड दिनुपर्दछ ।'

यसरी प्रस्ट पार्टी केन्द्रीय समितिले एकमतले पास गरिसकेको कार्यनीतिलाई लत्याउँदै कतिपय नेताहरू आफ्नै तरिकाको भजन गाउँदै हिँड्नुले के कुरा प्रस्ट गरेको छ भने यो विचारको भन्दा नियतको समस्या हो भन्ने कुरा दर्साउँछ । महासचिव कमरेडले चुनाव बहिष्कार वा खारेजीको कार्यनीति प्रस्तुत गरेको भए वस्तुगत स्थितिको हवाला दिँदै उपयोग गर्नु वस्तुवादी र क्रान्तिकारी कदम हुन्छ भन्ने बखेडा झिकिन्थ्यो भन्ने कुरा गतिविधिहरूले प्रस्ट्याउँदै गएका छन्।

एकता-सङ्घर्ष र रूपान्तरणको जति पनि सिद्धान्त फलाके पनि त्यसको सही प्रयोग कहिल्यै पनि हुन सकेन । यो बहसले पनि त्यो दिशा पकड्न सक्ने स्थिति देखिँदैन । आफ्ना कुरा सही ढङ्गले समितिमा राख्ने, समितिमा सामाधान खोज्नेभन्दा मिडियामा गएर जग हँसाउने कार्यले न जनताको मुक्तिको प्रश्नलाई सही रूपमा उठान गर्न सक्छ, न समितिको विश्वसनीयता प्राप्त हुन्छ।

## दुई दार्शनिक ....

लगाउनु र अमेरिकामा रहेका आप्रवासीहरूलाई देश निकाला गर्नु हो ? त्यसकारण डोनाल्ड ट्रम्प जिसस क्राइस्टका अनुयायी होइनन्, बरु जुडासका अनुयायी हुन् जसले क्राइस्टको हत्या गरेको थियो । हिन्दुहरूको पवित्र ग्रन्थ गीताले जबजब पृथ्वीमा अन्याय हुन्छ तब-तब न्यायका लागि भगवान् श्रीकृष्ण आउने कबुल गरेको थियो । हिन्दुहरूको बाहुल्य क्षेत्र भारत र नेपालमा अन्याय नै अन्याय भएको छ। भारतले दिनदहाडै नेपालको सीमा मिचेको छ, निर्मला पन्तजस्ता बालिकाहरू बलात्कृत भएका छन् र निर्ममतापूर्वक हत्या गरिएका छन् । सुन तस्करी भएको छ । राज्यकोषबाट सरकारका मन्त्री र कर्मचारीहरूले भ्रष्टाचार गरिरहेका छन् र ठूलो जहाज खरिद गर्दा ६ अर्ब लुटेका छन् । एनसेलजस्तो सञ्चार निगमले ७२ अर्बभन्दा बढी कर छली गर्दछ । यस्तो अन्याय र अत्याचार भइरहेको बेला श्रीकृष्णजी कुनचाहिँ धुनमा बाँसुरी बजाउँदै हुनुहुन्छ होला ? कतै १६ सय गोपिनीकै धोती लुकाएर उनीहरूकै चीरहरण त गरिरहनुभएको छैन ? मोहम्मदको कुरानले पनि सत्य, न्याय र धर्मकै कुरा गर्दछ । इराकमा सद्दाम हुसेनलाई अमेरिकाले झुन्ड्याएर मार्दा र लेबनानमा कर्नल गद्दाफीको हत्या गर्दा उनी मक्कामदिनामा के हेरेर बसेका थिए ? सद्दाम हुसेन र गद्दाफीले अमेरिकाको के बिगारिदिएका थिए र ? ओसामा बिन लादेनले त अमेरिकाको जुम्ल्याहा घर भत्काइदिए रे मानौँ । वास्तवमा हरेक धर्मले न्यायको हत्या गरेको छ भने अन्यायको रक्षा गरेको छ । त्यसकारण पुँजीवादी साम्राज्यवादले जिसस क्राइस्ट, गौतम बुद्ध, हजरत मोहम्मद, हिन्दुहरूका ब्रह्मा, विष्णु, महेश्वर, महाकाली र महालक्ष्मी सबैलाई माल बनाएका छन् र त्यसबाट नाफा सोहोरिरहेका छन्।

विश्वइतिहासमा पुँजीपतिहरूले सामन्तवादलाई पल्टाएर पुँजीवाद ल्याउन भौतिकवादको समर्थन र अध्यात्मवादको विरोध गरेका थिए । श्रमजीवी तथा उत्पीडित वर्गलाई साथ लिन उनीहरू यसो गर्न बाध्य भएका थिए। जब पुँजीवादले साम्राज्यवादमा पाइला टेक्यो तब यसले प्रगतिशील भूमिका परित्याग गऱ्यो र मजदुर तथा किसानका विरुद्ध उभियो । पुँजीवादी साम्राज्यवादले विश्वका सामन्तहरूसँग मितेरी गाँस्न पुगेको थियो । आजको उत्तरसाम्राज्यवादी पुँजीवाद (निगम पुँजीवाद) एकातिर विज्ञानको सहारा लिन बाध्य भएको छ भने अर्कोतिर पुँजीमा अति एकाधिकारवादी निजी स्वामित्व कायम राख्न धर्मको सहारा लिएको छ । दार्शनिक रूपमा यो द्वैतवाद हो । त्यसकारण आज पुँजीवादीहरू पनि द्वैतवादी भएका छन् । त्यसैगरी कम्युनिस्ट नामधारी पुँजीवादीहरू पनि द्वैतवादी भएका छन्। यसले अन्ततः बहुलवादमै पुऱ्याउँछ । नेपालमा केपी वली र प्रचण्ड कम्युनिस्ट आन्दोलनमा गद्दारी गरेर द्वैतवादी दलदलमा पुगेका छन् । उनीहरूले एकातिर चुनावमा भोट पाउन कम्युनिस्ट भएको स्वाङ गर्नुपरेको छ भने अर्कोतिर पुँजीवादीहरूलाई खुसी पार्न धर्मको सहारा लिनुपरेको छ। कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउन साम्राज्यवादीहरू र तिनका दलालहरूले गद्दारहरूलाई प्रयोग गर्दै आएका छन्। उनीहरूले यहाँ पनि बाँकी राखेनन्।

नेपालमा स्पष्ट दुई दार्शनिक शिविर खडा भएका छन् : संशोधनवादीहरू सामाजिक दलाल पुँजीवादी भएर प्रतिक्रियावादमा पतन भएका छन्। अब हामीले तिनलाई काङ्ग्रेसबाट भिन्न भँडुवा विकासवादी भन्नै परेन । ती सीधै अधिभूतवादी आदर्शवादका पृष्ठपोषक बनेका छन् । अर्को शब्दमा उनीहरूलाई अध्यात्मवादी पनि भन्न सकिन्छ। आदर्शवादकै एउटा शाखा बहुलवादी पनि भन्न सकिन्छ । अर्कोतिर नेपाल कम्युनिस्ट पार्टीले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको प्रतिनिधित्व गर्दछ । यसलाई अर्को शब्दमा अद्वैतवाद पनि भनिन्छ । अब यी दुई शिविरका बीच युद्धको घोषणा भएको छ । भौतिकवादी दर्शनशास्त्रले श्रमजीवी तथा उत्पीडित वर्गमा आफ्ना लागि गोलाबारुद भेट्टाउनेछ भने अध्यात्मवादी आदर्शवादीले साम्राज्यवादी पुँजीवादमा आफ्ना लागि गोलाबारुद भेट्टाउनेछ। हामी अर्बौँ जनताको भौतिक मात्र होइन, बौद्धिक तागत पनि लगाउनेछौँ भने उनीहरूले केही हजार अति एकाधिकारवादी पुँजीवादीहरूको भौतिक र बौद्धिक तागत लगाउनेछन् । भ्रममा आधारित बौद्धिक तथा भौतिक सत्ता तथ्यमा आधारित दर्शनको उज्यालोमा 'कुनै बिहान नष्ट हुनेछ र उज्यालो रहिरहनेछ ।'

स्रोत : रातो खबर, २०७६

# बदनाम संसदीय व्यवस्था र पुनरावृत्त पागलपन



पूर्णबहादुर सिंह

आज दलाल पुँजीवादी संसदीय व्यवस्थाको सङ्कट पराकाष्ठामा पुगेको छ । दुनियाँमा एक हजार वर्ष र नेपालमा करिब तीन दशक लामो इतिहासमा संसदीय व्यवस्था बदनाम एवम् पूर्णतः असफल साबित भएको छ । आज दलाल पुँजीवादी संसदीय व्यवस्था सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले असफल र सङ्कटग्रस्त भएको छ । संसद्वादीहरू त्यसलाई ढाकछोप गर्ने कुचेष्टा गरिरहेका छन् । उनीहरू यो व्यवस्था र आफ्नो सङ्कटलाई देश र जनताको सङ्कट बताइरहेका छन् । यो व्यवस्थाको असफलता, संसद्वादी पार्टीहरूको तेजोभङ्ग र व्यक्तिहरूको अक्षमता पुष्टि भइसकेको छ । कमरेड लेनिनको संश्लेषणमा यो दलाल पुँजीवादी संसदीय व्यवस्था 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने पसल' मा बदनाम भएको छ । पुँजीवाद कि वैज्ञानिक समाजवाद ? व्यापक बहस चलिरहेको छ । आमजनताले पटकपटक व्यक्ति र पार्टीलाई संसदीय चुनावमा निर्वाचित गरेकै हुन् । यो व्यवस्था, पार्टी र व्यक्तिलाई आज आमजनताले छिःछिः र दुरदुर गरिरहेका छन् । संसदीय व्यवस्थाको सङ्कटको समाधान संसदीय व्यवस्था हुनै सक्दैन । यस लेखमा बदनाम संसदीय व्यवस्था र त्यसको पुनरावृत्त पागलपनका बारेमा उल्लेख गरिनेछ ।

**क) संसदीय व्यवस्था**

ऐतिहासिक पृष्ठभूमिको अध्ययनले संसदीय व्यवस्थाको जननी बेलायतलाई मान्छ । १३ औँ शताब्दीको अन्त्यदेखि नै संसद्को उत्पत्ति भएको थियो । ११ औँ शताब्दीमा संसद्को अङ्ग्रेजी शब्द 'पार्लियामेन्ट' को पहिलो प्रयोग 'चान्सन डी रोल्यान्ड' भन्ने लेखमा भएको थियो । फ्रेन्च भाषाको 'पाली' भन्ने शब्दबाट आएको अङ्ग्रेजी शब्द 'पार्लियामेन्ट' को शाब्दिक अर्थ 'कुरा गर्ने पसल' हुन्छ । १०६६ इ. भन्दा पहिले बेलायतमा एङ्लो सेक्सन राजघरानाको शासनमा विटेनागेमोट र पछि नर्मन वंशीय राजाहरूका पालामा सामन्त, सरदार तथा भारदारहरूको भेला गरिन्थ्यो । त्यसलाई म्याग्नम कान्सिलियम अर्थात् महासम्मेलन भनिन्थ्यो । राजा नै त्यसका अध्यक्ष हुन्थे । चान्सलर, चेम्बरलेन आदि सर्वोच्च भारदारहरूको बैठकबाट महत्वपूर्ण सवालहरूमा राय लिन्थे । त्यसलाई क्युरिया रेजिस अर्थात् राजकीय परिषद् भनिन्थ्यो । त्यसपछि त्यो अर्ल अन्य महत्वपूर्ण भारदार, प्रधान पादरी, पादरी महन्तका साथै प्रत्येक काउन्टीबाट दुईदुईजना सरदार र प्रत्येक सहरबाट दुईजनाका दरले नागरिक पनि डाकिन्थ्यो । त्यसलाई आदर्श संसद् भनिन्थ्यो । यद्यपि त्यो धनी व्यापारी र नामुद व्यक्तिहरूको सभा थियो, सच्चा जनप्रतिनिधिको सभा थिएन । सामन्त, पादरी र जनप्रतिनिधिहरूको आपसी लडाइँका कारण संसद् तीन भागमा विभाजित भयो । त्यसलाई सदन भन्न थालियो । पादरीहरूको बैठकलाई कन्भोकेसन, सामन्तहरूको हाउस अफ लर्ड्स र जनप्रतिनिधिहरूको हाउस अफ कमन्स भन्न थालियो । त्यसपछि त्यो राजा र संसद्का बीचको मात्र नभएर दुई सदनको अधिकार क्षेत्रका लडाइँमा व्यक्त भयो । १६ औँ शताब्दीको प्रारम्भमा हाउस अफ कमन्सले राजा, सामन्त र पादरीका तर्फबाट पेस भएका प्रस्तावहरू 'हुन्छ' भन्नेबाहेक केही गर्न सक्दैनथ्यो । सन् १६७९ को बन्दी प्रत्यक्षीकरण ऐन, सन् १६८८ को गौरवमय क्रान्ति, सन् १६८९ को बिल अफ राइट्स र सन् १७०१ को सेटलमेन्ट एक्टले बेलायतको संसद्लाई आधुनिक रूप दिएको थियो । आज विश्वमा एक वा दुई सदनात्मक शैली र गठनविधिका आधारमा वेस्टमिनिस्टर र अमेरिकी नमुना तथा राजतन्त्रात्मक, गणतन्त्रात्मक र जनगणतन्त्रात्मक व्यवस्थाहरू विद्यमान छन् । 'काउत्स्कीले समाजवादअन्तर्गत-निर्वाचित पदाधिकारीहरू, कर्मचारीहरू र कर्मचारीतन्त्र पनि अस्तित्वमा रहिरहने गलत कुरा गरेका थिए । यो बर्नस्टिनको पुरानै 'तर्कहरू' को पुनरावृत्ति हो । 'हाम्रो राजनीतिक सङ्घर्षको उद्देश्य पनि संसद्मा बहुमत प्राप्त गर्नु संसद्लाई सरकारको मालिक बनाएर राज्यसत्ता जित्नु हो '।' काउत्स्की (पृष्ठ ७२६,७२७, ७३२) ले भनेका थिए । बर्नस्टिनको 'समाजवादका पूर्वसर्तहरू' पुस्तकमा- ' आदिम' प्रजातन्त्रसम्बन्धी विचारको विरोध, अनिवार्य आदेश, अवैतनिक पदाधिकारी, शक्तिहीन केन्द्रीय प्रतिनिधि निकाय आदि भनेर आदिम प्रजातन्त्रको ठाउँमा साधारण प्रजातन्त्र अर्थात् कर्मचारीतन्त्रसित जोडिएको संसदीय व्यवस्था नै स्थापना गरियो' (छैटौँ अध्याय, अवसरवादीहरूद्वारा मार्क्सवादको भ्रष्टीकरण) मा लेनिनले धज्जी उडाउनुभएको थियो । लेनिनले राज्य- उत्पीडित वर्गको शोषणको साधन बताउँदै 'प्रजातान्त्रिक गणतन्त्रमा धनसम्पत्तिले अप्रत्यक्ष रूपमा तर बढी भरपर्दो ढङ्गले आफ्नो सत्ताको प्रयोग गर्दछ अर्थात् पहिलो, पदाधिकारीहरूलाई सोभै घूस ख्वाएर किन्ने माध्यमले (अमेरिका), दोस्रो, सरकार तथा सेयर बजारका बीचमा गठबन्धनको माध्यमले (फ्रान्स र अमेरिका) । प्रजातान्त्रिक गणतन्त्र पुँजीवादका निमित्त सबभन्दा उत्कृष्ट सम्भावित राजनीतिक खोल हो । तसर्थ पुँजीले यस सर्वश्रेष्ठ खोलमा अधिकार जमाएर, यति भरपर्दो र विश्वासिलो रूपमा आफ्नो सत्ता कायम गर्दछ कि पुँजीवादी प्रजातान्त्रिक गणतन्त्रमा कुनै व्यक्ति, कुनै संस्था वा कुनै पार्टीको कुनै पनि हेरफेरले यस सत्तालाई डामाडोल गर्न सक्तैन' (पहिलो अध्याय, वर्ग-विभाजित समाज र राज्य) मा जोडदार रूपमा भन्नुभएको थियो ।

'पुँजीवादबाट साम्यवादतर्फ सङ्क्रमण' मा लेनिनले पुँजीवादी र साम्यवादी समाजका बीचमा पहिलोबाट दोस्रोमा रूपान्तरणको अवधि रहन्छ । सर्वहारा वर्गको क्रान्तिकारी अधिनायकत्व आफ्नो मुक्तिका निमित्त सर्वहारा वर्गले पुँजीजीवी वर्गलाई सत्ताच्यूत गरिदिनु, राजनीतिक सत्ता जित्नु र आफ्नो क्रान्तिकारी अधिनायकत्व स्थापित गर्नु राजनीतिक सङ्क्रमणकालका रूपमा बताउनुभयो । उहाँले 'प्रजातन्त्रवाद-पुँजीवादी शोषणको सङ्कुचित घेराभित्र खुम्चिएर रहन्छ, केवल धनीमानी व्यक्तिहरूका निम्ति मात्र हुन्छ, प्राचीन गणतन्त्रमा दासहरूका मालिकका निमित्त स्वतन्त्रताजस्तो, आधुनिक ज्यालादारी दासहरू अभाव र गरिबीद्वारा थिचिएका हुन्छन्, जनसङ्ख्याको अत्यधिक हिस्सालाई सामाजिक र राजनीतिक जीवनमा भाग लिनबाट वञ्चित राखिएको हुन्छ । उत्पीडितहरूलाई केही वर्षमा एकपल्टचाहिँ उत्पीडक वर्गको कुनचाहिँ विशेष प्रतिनिधिले संसद्मा गएर उनीहरूको प्रतिनिधित्व गर्नेछ र उनीहरूको दमन गर्नेछ भन्ने निर्णय लिने अनुमति दिइन्छ' भनेर पुँजीवादी प्रजातन्त्रवाद र संसद्वादको पर्दाफास गर्नुभएको थियो । चौबीस सय वर्षपहिले नै लोकतन्त्रको आधारमूमि भनिने एथेन्सका दार्शनिक प्लेटोले ' लोकतन्त्रबाटै तानाशाहहरू जन्मन्छन्' भनेका थिए । लोकतन्त्रका नाममा दलालतन्त्र र तानाशाहहरूको हालीमुहाली चलिरहेको छ । कोही राजा र रैती नहुने गणतन्त्रमा आज टोलटोलमा राजाहरूको राज चलिरहेको छ । सङ्घीयताका नाममा केन्द्र, प्रदेश र गाउँमा आफ्ना भाटहरूको भर्ती र व्यवस्थापन भइरहेको छ । कमरेड माओले आफ्नो प्रसिद्ध कृति 'नौलो जनवाद' मा तीन प्रकारका गणतन्त्रको उल्लेख गर्नुभएको थियो जसमा पहिलो, पुँजीपति वर्गको अधिनायकत्व, दोस्रो, सर्वहारा वर्गको अधिनायकत्व र तेस्रो, संयुक्त अधिनायकत्वअन्तर्गतको गणतन्त्र बताउनुभएको थियो । नाम जेसुकै दिए पनि अहिले नेपालको गणतन्त्र पुँजीपति वर्गको अधिनायकत्वअन्तर्गत चलिरहेको बिहारी गणतन्त्र हो । यो संसदीय व्यवस्था (सत्ता) मा जतिसुकै 'सुशासन' र 'सुखी नेपाली-समृद्ध नेपाल' को डङ्का पिटे पनि त्यो बकबास मात्र हो भन्ने व्यवहारतः पुष्टि भएको छ ।

**ख) संसदीय व्यवस्थाको चर्तिकला**

दलाल पुँजीवादी संसदीय व्यवस्थाले राष्ट्रघात र जनघात चरम भ्रष्टाचार, कमिसन, महँगी, बेरोजगारी, कालोबजारी र जनविरोधी हर्कत आदि गर्दछ । विश्वमा सस्तो श्रम बेच्ने, सस्तो कच्चा पदार्थ निर्यात गर्ने र मुलुकलाई व्यापारघाटाले टाट उल्ट्याउँछ । लाखौँ युवाहरू विदेशमा श्रमदासका रूपमा पलायन गराउँछ । दैनिक ३ बाकस लास स्वदेशमा आउने स्थितिको सिर्जना गर्दछ । २९ वर्षमुनिका ५७ लाख ६० हजार युवालाई निराश बेरोजगारका रूपमा तड्पाउँछ । निराश बेरोजगारका रूपमा सयौँ युवाहरू आत्महत्या गर्छन् । हल्लैहल्लाको देश कवितामा भूपी शेरचनले 'जहाँका स्वतन्त्र आमाहरूले छोरा होइन, लाहुरे मात्र जन्माउँछन्' भनेजस्तै गोर्खा भर्तीकेन्द्रहरूद्वारा युवाहरूलाई विदेशमा बेचिन्छ । युवाहरू अर्काको देशमा भाडाका सिपाही बनेर लड्न जान छाती र तिघ्रा नपाउन यत्रतत्र लाम लाग्न बाध्य छन् । सयौँ नागरिक सामान्य रोगबाट ज्यान गुमाउन विवश छन् । लाखौँ बालबालिका शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित छन् । महिलाहरू बच्चा जन्माउन नसक्दा अकालमा ज्यान गुमाउँछन् । महिलाहरू विदेशका कालकोठरीहरूमा नारकीय जीवन जिउन विवश छन् । बालिकाहरू बलात्कारको सिकार हुन्छन् । सामाजिक सेवाको क्षेत्र शिक्षा-स्वास्थ्यमा ठूलो व्यापार एवम् मुनाफा आर्जन गरिन्छ । राष्ट्रिय उद्योग-कलकारखाना बन्द गरिन्छन् । भ्रष्टाचारका नयाँ-नयाँ काण्ड प्रदर्शन गर्दछ । बहुमूल्य जडीबुटीहरूको तस्करी हुन्छ । सबै नदीनाला बेचिएका छन् । खानी-खनिजहरू विदेशी माडेहरूले दलालहरूको मिलोमतोमा दोहन गर्छन् । सुकुमबासीहरूको छाप्रोमा डोजर एवम् आगो लगाइन्छ । जब चुनाव आउँछ अनि लालपुर्जाको चर्चा चलाइन्छ । मजदुरहरू भोकै मर्छन् । श्रमिक समुदायले चुलो छोएर वा प्रेम गरेको आरोपमा मारिनुपरेको छ । भ्रष्टाचार, महँगी, चर्को कर, बेराजगारी र कालोबजारीले जनजीवन आक्रान्त छ । संसदीय व्यवस्थाले यीलगायत तमाम चर्तिकला प्रदर्शन गरिरहेको छ ।

**ग) किनबेचको खेल**

आज संसदीय व्यवस्थाको वडा, गाउँ, नगर, प्रदेश र सङ्घको चुनावमा भोट किनबेचको चर्को प्रतिस्पर्धा एवम् असीमित दररेट चलिरहेको छ । एक भोटको 'पैसा तोकिन्छ । मतदाताहरू मात्र होइन, सरकार गठन र विगठनका लागि किनबेचको बेलगाम खेल चल्छ ।

**घ) कथित जनप्रतिनिधिको व्यवसाय**

जनप्रतिनिधिहरूलाई मालामालको जागिर, चरम भ्रष्टाचार, मनग्गे कमिसन र चर्को करका रूपमा यो व्यवसाय देखापरिरहेको छ । 'सुखी नेपाली र समृद्ध नेपाल' चरम भ्रष्टाचार, कमिसन, महँगी, बेरोजगारी, कालोबजारी, राष्ट्रघात, जनघात, जनविरोधी हर्कतमा परिणत भइरहेको छ । लेनिनले 'परन्तु, लूटको माल अंशबण्डा गर्न, मन्त्री, सहायक मन्त्री, गभर्नर, जनरल आदिको ओहोदा टप्काउन भने कुनै प्रकारको विलम्ब गरिँदैन, न त संविधानसभाको नै प्रतीक्षा गरिन्छ । त्यो वास्तवमा 'लूटको माल' बाँडफाँट गर्ने र फेरि बाँड्ने यसै अंशबण्डाको अभिव्यक्ति मात्र थियो जुन देशभरि नै, तलदेखि माथिसम्म नै, केन्द्रीय तथा स्थानीय प्रशासनको हरेक विभागमा चलिरहेको छ' (दोस्रो अध्याय, राज्य र क्रान्ति । सन् १८४८-१८५१ को अनुभव) मा संसदीय व्यवस्थाको व्यवसाय एवम् धन्दा बेलगाम चल्ने गर्दछ ।

**ङ) पुनरावृत्त पागलपन**

चुनावमा संसद्वादीहरूले आफ्नो विचार, राजनीति र व्यवस्थाको असफलतालाई ढाकछोप गर्न र जनता ठग्न 'हामी नयाँ ग्रहबाट पहिलोपल्ट पृथ्वी (नेपाल) मा पाइला टेकेका छौँ । हामीलाई भोट दिनुहोस्', 'गाउँमा सिंहदरबार पुर्याउँछौँ, सुखी र समृद्धि बनाउँछौँ' भनेर जनतालाई भ्रमित गरेका थिए । केवल त्यो विचार, राजनीतिक व्यवस्था र ती प्रवृत्ति एवम् पात्रको नयाँ आगमन नभएर पुनरावृत्ति मात्र हो । 'मात्र संसदीय संवैधानिक राजतन्त्रहरूमा होइन, अपितु सबभन्दा प्रजातान्त्रिक गणतन्त्रहरूमा समेत सतारूढ वर्गको कुनचाहिँ सदस्यले संसद्मा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एकपल्ट निर्णय लिनु नै पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार हो ।' (तेस्रो अध्याय, राज्य र क्रान्ति । सन् १८७१ मा पेरिस कम्युनको अनुभव । मार्क्सको विश्लेषण) मा लेनिनले सुन्दर ढङ्गले उल्लेख गर्नुभएझैँ यो पागलपन पटकपटक दोहोरिइरहेको छ । नेपालका राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, सुरक्षा, धार्मिक आदि क्षेत्रका दलालहरूले लेनिनको माथिको निष्कर्षभन्दा नयाँ केही गरेका छैनन् । आइन्सटाइनले 'पटक-पटक उही कुरा दोर्याएर फरक परिणामको अपेक्षा गर्नु पागलपन हो' भनेझैँ २००७ सालदेखि मूलतः ०४६ पछि विश्वमा बदनाम एवम् असफल दलाल संसदीय व्यवस्था नेपालमा अपवादका रूपमा सफल हुनै सक्दैन । यो संसदीय पागलपनको वास्तविकताको मुकुन्डो धुजाधुजा भइसकेको छ । जनताले दलालहरूको विचार, राजनीति र व्यवस्थाको नै विकल्प खोजिसकेका छन् । संसद्वादीहरूले आफ्ना बदनाम कमजोरीहरूको ढाकछोप गरेर जनआक्रोश मत्थर पार्ने कुचेष्टा गरिरहेका छन् । 'उच्च कोटिका ताराहरूमध्ये' धेरैजस्ता निःसन्देह पुँजीवादी नैतिकताद्वारा त्यत्तिकै भ्रष्ट भएका हुन्छन् 'पुँजीवादी अपुताली कायम राख्न खोज्ने' ढुकुटीचोरहरू र 'सलामी' तिर्ने बाध्यतालाई सफाचट गरेर मात्र सबैलाई मुक्त गर्न सकिन्छ' (सोभियत सत्ताका तात्कालिक कार्यभारहरू) मा लेनिनले भनेझैँ यो संसदीय पुनरावृत्त पागलपन कुचाले बढानु पर्दैन, हावाले नै उडाइरहेको छ । मिलेराँवाद र बर्नस्टिनवादलाई लेनिनले धुलो चटाउँदै 'संसदीय पागलपन' भन्नुभएको थियो । 'बेलायती बुर्जुवा उदारवादका अनुयायी हारकोटले 'अब हामी सबै समाजवादी बनेका छौँ' (धभ बर्ी बचभ कयअष्बष्कितक लयध), बिस्मार्कका समर्थकहरूले र पोपलेओ तेह्रौँका मित्रहरूले अक्सर आफूलाई 'समाजवादी' भन्ने गर्थे । 'क्रान्ति' शब्दको पनि यिनीहरूले बडो सजिलोसँग दुरूपयोग गर्न सक्छन् र आन्दोलनको विकासको निश्चित अवस्थामा पुगेर दुरूपयोग अनिवार्य हुन जान्छ' मार्क्स ६ जुन, १८४८ को भनाइलाई (लेनिन, जुन-जुलाई १९०५, खण्ड ११, पृष्ठ १-१३१) मा लेनिनले भनेझैँ संसद्वादीहरूले दलाल पुँजीवादी संसदीय व्यवस्थामा समाजवादको विज्ञापनमा जनमतको दुरूपयोग गरिरहेका छन् । यो जो चोर उसकै ठूलो स्वरजस्तै पुनरावृत्त संसदीय पागलपन हो । यी संसद्वादीहरू र दलाल पुँजीवादी संसदीय व्यवस्थालाई महान् लेनिनको शब्दमा वर्गविहीन राजनीति र वर्गविहीन समाजवादबारे बकबास गर्नेहरूलाई पिँजडाभित्र थुनेर कुनै अस्ट्रेलियाली केङ्गुरासँग प्रदर्शनीमा राख्नुपर्छ । 'सबै मृत पिँढीहरूको परम्परा जीवित मानवको मस्तिष्कमा एक दुःस्वप्नसमान मडारिरहेको हुन्छ । 'उनीहरू उत्कण्ठापूर्वक मन्त्र पढ्न थाल्दछन्, अतीतका प्रेतात्माहरू डाक्दछन्, अतीतको नाम, अतीतको रणनाद र अतीतको परिधान माग्दछन् र यसप्रकारले यस चिरप्रतिष्ठापित भेष र सापटी लिएको भाषामा सजिएर विश्वइतिहासको नयाँ नाटक खेल्न तयार हुन्छन्' (मार्क्स-एङ्गेल्स सङ्कलित रचना, पृष्ठ १३३) मा मार्क्सले भनेझैँ हो- यो संसदीय पुनरावृत्त पागलपन । संसद्वादीहरू पुनः नयाँ नारा र शैलीमा देश र जनता लुट्ने दाउमा छन् । एउटा छलफलमा एकजना विद्वान्ले 'संसदीय व्यवस्था सामूहिक बलात्कार हो, एउटा पार्टी, व्यक्ति र सरकारको स्थान पालो कुरेर बसिरहेको जस्तो' भनेका थिए । यसमा सत्ता पक्ष ढल र प्रतिपक्ष गङ्गाजलले नुहाएको बकबास गरिन्छ । दलाल पुँजीवादी संसदीय व्यवस्था सङ्कटग्रस्त मात्र होइन, विघटनको मृत्युशैयामा पुगेको छ । आफूलाई प्रजातन्त्र र लोकतन्त्रको हिमायती ठान्ने व्यक्ति र पार्टीहरूले यो तीतो सत्य स्वीकार्नै पर्दछ । यो व्यवस्था, पार्टी र व्यक्ति जनअपेक्षा, जनविकल्प र जनमत होइन । प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रहको चुनाव र वैज्ञानिक समाजवाद नै जनअपेक्षा, जनविकल्प र जनमत हो । वैज्ञानिक समाजवादमा मात्र मुलुक र आमजनताको भविष्य उज्ज्वल र जीवन सुन्दर हुनेछ । वैज्ञानिक समाजवाद नै सम्पूर्ण समाधान हो ।

५ मङ्सिर, २०७८ (स्रोत : रातो खबर)

पृष्ठ १ बाट क्रमशः

# वैज्ञानिक समाजवाद–साम्यवादको खोज

चलाउनका लागि कुनै बचत रहँदैन । हामी त्यस्तो शोषणको दयनीय रूपलाई मात्र नष्ट गर्न चाहन्छौँ, जसमा मजदुर खालि पुँजी बढाउनका लागि मात्र बाँचेको हुन्छ र उसलाई यति हदसम्म बाँच्न दिइन्छ, जबसम्म शासकवर्गको स्वार्थका लागि उसको जरुरत पर्दछ", (ऐ. पृ. ६४) । मार्क्सको यो भनाइले स्पष्ट गर्छ कि पुँजीवादीहरूले भन्ने गरेको निजी सम्पत्ति या स्वामित्व वास्तविक अर्थको निजी साम्पत्ति र स्वामित्व (श्रमिकको हकमा) होइन । यो त लुटबाट थुपारिएको र शोषणलाई मलजल गर्ने निजी सम्पत्ति हो । जसले मानव समुदायलाई मालिक र दासमा विभाजित गर्छ, साम्यवादले नष्ट गर्न चाहेको निजी सम्पत्ति या स्वामित्व यही हो । यसको अन्त्यले कदापि पनि निजी स्वतन्त्रता र अधिकारलाई छिन्दैन । बरु श्रमिकवर्गलाई वास्तविक श्रमको मालिक बनाएर छिनिएको निजी अधिकार र स्वतन्त्रतालाई सुनिश्चित गरिदिन्छ । यो काम निश्चय नै सरल छैन, कठीन छ तर समाजवादी राज्यले नै लुटयुक्त निजी सम्पत्तिको अन्त्य गर्ने नीतिलाई विधिवत् प्रकारले नेतृत्व गरिरहने हो भने मानवबीचमा हाबी रहेको निजी सम्पत्तिको अन्त्य गर्दै जान सकिन्छ । जे कारणले समाजमा निजी सम्पत्ति खडा भयो र त्यसले मानव-समाजलाई अमानवीय उत्पीडनभित्र पुऱ्यायो, त्यसलाई वैज्ञानिक विधिसहित हल गर्ने हो भने निजी सम्पत्ति समाप्त गर्न सकिन्छ । मार्क्स-एङ्गेल्सको यो अनुसन्धानले दुनियाँलाई वैज्ञानिक समाजवाद-साम्यवादमा पुग्न सकिन्छ भन्ने ज्ञान दिलाउँछ ।


### ४. सामाजिक (सामूहिक) स्वामित्व र सम्पत्तिको विकास

मार्क्स-एङ्गेल्सले वैज्ञानिक समाजवाद-साम्यवादको अर्थशास्त्रको अनुसन्धान गर्ने क्रममा पत्ता लगाएको चौथो विषय मानवजातिबीच विकास हुने सम्पत्तिमाथिको सामूहिक स्वामित्व हो । राजनीतिक भाषामा वैज्ञानिक साम्यवाद ! जब उहाँहरूले पुँजीको उत्पादन, वितरण र स्वामित्वको क्षेत्रमा अध्ययनलाई केन्द्रित गर्नुभयो, तब के पत्ता लगाउनुभयो भने एउटा समय यस्तो पैदा हुनेछ या पैदा गर्न सकिन्छ, जहाँ सम्पत्तिको चरित्र सामूहिक हुनेछ र सम्पत्तिमाथि समाजको सामूहिक स्वामित्व कायम हुन पुग्नेछ । जहाँ सम्पत्तिमाथि निजी स्वामित्व हुनुको कारणले पैदा भएको शोषक र शासित, उत्पीडक र उत्पीडक, एकदमै धनी र एकदमै गरिब हुनेछैनन् । त्यहाँ मान्छेलाई आजको जस्तो निजी सम्पत्तिको आवश्यकता र महत्व हुनेछैन । पक्का हो कि मान्छेहरूका निजी आवश्यक्ता हुनेछन् तर ती सामूहिक स्वामित्व र सामूहिक अर्थ-सम्बन्धले दिने सुविधाभन्दा सामान्य बन्नेछन् । मानवजातिबीचमा आधुनिक, वैज्ञानिक, उच्च उत्पादन सम्बन्ध हुनेछ । समाजमा श्रम, विज्ञान र विवेक नै मुख्य हुनेछ । सबैले आफ्नो र समाजको लागि श्रम गर्नेछन् । त्यहाँ मार्क्स-एङ्गेल्सले भन्नुभएजस्तै 'क्षमताअनुसारको काम आवश्यकताअनुसारका दाम' हुनेछ अनि लेनिनले उल्लेख गर्नुभएजस्तै 'उत्पादनका साधनहरू अब पृथक-पृथक व्यक्तिहरूको व्यक्तिगत स्वरूपतामा रहँदैनन्, उत्पादनका साधनहरूमा सम्पूर्ण समाजको अधिकार रहन्छ । समाजको प्रत्येक सदस्यले सामाजिक रूपले आवश्यक श्रमको एक निश्चित हिस्सा पूरा गरेर उसले समाजबाट यति परिणामको काम गरेको छ भने प्रमाणपत्र पाउँछ । यसै प्रमाणको आधारमा उपभोक्ता वस्तुहरूको सार्वजनिक भण्डारबाट उसले त्यसैअनुरूप परिमाणमा वस्तुहरू प्राप्त गर्छ । यसरी सार्वजनिक निधिमा जाने श्रमको त्यति हिस्सा कट्टा गरिएपछि प्रत्येक मजदुरले समाजबाट त्यत्तिकै पाउँछ, जति उसले समाजलाई दिन्छ", (लेनिन, राज्य र क्रान्ति, पृ. ८४) हुनेछ । त्यसपछि मानवजाति एक समृद्ध र सभ्य दुनियाँमा प्रवेश गर्नेछ । त्यो नै विश्व साम्यवाद हुनेछ ।

### (ग) वैज्ञानिक समाजवादी–साम्यवादी राजनीतिक व्यवस्थाको खोज

मार्क्स-एङ्गेल्सले वैज्ञानिक समाजवादको अनुसन्धान गर्ने क्रममा विकास गर्नुभएको तेस्रो विषय समाजवादी-साम्यवादी राजनीतिक व्यवस्थाको खोज हो । उहाँहरूले आधुनिक मानवसभ्यतामा चलेका राजनीतिक व्यवस्थाहरू मुख्यतः आदिम समाज (आदिम साम्यवाद), दास व्यवस्था, सामन्ती व्यवस्था र पुँजीवादी व्यवस्थाहरूको बारेमा गहन अध्ययन गरेर वैज्ञानिक समाजवादी-साम्यवादी व्यवस्थाको सिद्धान्त विकास गर्नुभयो । वैज्ञानिक समाजवादी-साम्यवादी व्यवस्थाको अनुसन्धान मानवजातिको राजनीतिक इतिहासमै सबैभन्दा जनवादी, प्रगतिशील, क्रान्तिकारी र वैज्ञानिक सावित भयो किनकि यसले मानवजातिलाई राज्यव्यवस्थाको उत्पत्ति, विकास र यसको भविष्यबारे वैज्ञानिक दृष्टिकोण दियो । जब कि त्यसबेलासम्म राज्यलाई वैज्ञानिक भौतिकवादी दृष्टिबाट नभई एक ईश्वरीय शक्तिको देनको रूपमा बुझिन्थ्यो । मार्क्सले राज्यबारे वैज्ञानिक साम्यवादी सिद्धान्त पत्ता नलगाउँदासम्म मान्छेहरूले राज्यलाई कसरी बुझ्दथे भन्ने सन्दर्भमा लेनिनले बढो मार्मिक प्रकारले प्रस्तुत गर्नुभयो । उहाँले लेख्नुभएको छ, "तपाईंलाई सायदै यस्तो दोस्रो प्रश्न मिल्ला, जसलाई बुर्जुवा विज्ञान, दर्शनशास्त्र, विधिशास्त्र, राजनीतिक अर्थशास्त्र तथा पत्रकारिताका प्रतिनिधिहरूले जानीबुझी या बिना-जानीबुझी आजसम्म पूरा धर्मसम्बन्धी प्रश्नहरूको साथमा मिलाइदिन्छ, न केवल धर्मसम्बन्धी मतहरूका प्रतिनिधि, अपितु यस्ता मान्छे पनि जो आफूलाई धर्मसम्बन्धी पूर्वाग्रहहरूबाट मुक्त मान्छन्, मौजुदा राज्यको विशिष्ट प्रश्नलाई धर्मसम्बन्धी प्रश्नहरूसँग मिलाइदिन्छन्, यो मतले धेरै नै पेचिलो, विचारधारात्मक दार्शनिक दृष्टिकोण तथा आधारसमेत निर्माण गर्नलाई प्रयत्न गर्छ कि राज्य एक दिव्य वस्तु, एक अलौकिक वस्तु हो, ऊ केही यस्तो शक्ति हो, जसको सहारामा मानवजाति बाँच्ने गर्छ । साथै, ती जनतालाई त्यस्तो तत्व सुम्पेको हुन्छ या सुम्पिन सक्छ या आफ्नो साथ लिन्छ, जो मनुष्यको उपज होइन, वल्की ऊभन्दा बाहिरबाट प्राप्त भएको हुन्छ, त्यो हो दिव्य मूल शक्ति", (लेनिन, हिन्दी संस्करण, खण्ड ९, राज्यको बारेमा, पृ. ७५) । राज्य सन्दर्भमा रहेको यो आदर्शवादी, ईश्वरवादी दृष्टिकोणलाई वैज्ञानिक समाजवादी-साम्यवादी दृष्टिकोणले समाप्त गर्दै मानवजातिलाई वर्गविहीन, जातिविहीन, राज्यविहीन समाजमा पुऱ्याउने वैज्ञानिक भौतिकवादी विचार दियो ।

वैज्ञानिक समाजवाद-साम्यवादको अनुसन्धान अगाडि पनि समाजवादी चिन्तक र सिद्धान्तहरू नभएका होइनन् तर ती वैज्ञानिक दृष्टिकोणमा आधारित नभएर भाव, भावना, शुद्ध इच्छा, भावावेगबाट पैदा हुन पुगेका आदर्शवादी, दैविक, काल्पनिक, निम्न पुँजीवादी, बुर्जुवा समाजवादी, अराजकतावादी खालका थिए; जुन विचारहरू वास्तविक जीवनमा प्रयोग हुन सम्भव थिएनन् । जस्तो कि आदर्शवादी साम्यवादको परिकल्पना २४ सय वर्ष पहिले प्लेटोले गरेका थिए । उनले त्यतिबेलै शोषणविहीन र उन्नत समाजको परिकल्पना गर्दै आदर्श शासक र आदर्श राज्यको विचार अगाडि सारेका थिए तर त्यो त्यसबेलाको निरङ्कुश राज्य र भाग्यवादी समाजमा लागू हुन सम्भव थिएन र लागू भएन पनि । आजभन्दा २१ सय वर्ष पहिले क्राइस्टले पनि क्रिस्चियन धर्मको स्थापना गर्दा 'क्रिस्चियन समाजवाद' को परिकल्पना गरेका थिए । उनले प्रभुको इच्छाअनुसार यस्तो समाजको निर्माण गर्ने धारणा राखेका थिए । यसलाई मार्क्स-एङ्गेल्सले 'क्रिस्चियन समाजवाद' उपमा दिँदै धर्मबाट समाजवादको निर्माण सम्भव नभएको निष्कर्ष निकाल्नुभयो । सन् १८२४ बाट ब्रिटेन, फ्रान्स, जर्मनी आदिमा काल्पनिक समाजवादको जन्म भयो । यसका मूल विचारकमा ओवेन, फुरिय, साइमनहरू थिए । उनीहरूले शासकहरूलाई शिक्षा दिएर, उनीहरूको मन बदलेर, शान्तिपूर्ण तरिकाले समाजवादको निर्माण गर्नुपर्ने विचार राखेका थिए । मार्क्स-एङ्गेल्सले यसलाई 'काल्पनिक समाजवाद' भन्दै वर्ग-समाजमा यो सम्भव नहुने निष्कर्ष दिनुभयो । मार्क्सकै समयमा अर्को अराजकतावादी समाजवाद पनि देखापऱ्यो । अराजकतावादी-समाजवादीहरूले क्रान्ति गर्नु सही हो तर राज्यसत्ता निर्माण गर्नु गलत हुन्छ, राज्यबिनाको समाज निर्माण गर्नुपर्छ भन्ने दृष्टिकोण प्रस्तुत गरे । यो दृष्टिकोणको अगुवाइ बाकुनिन र ब्लाङ्कीहरूले गरेका थिए । वर्ग-टक्कर र पुँजीवादी समाज कायमै रहेको अवस्थामा त्यस्तो समाजको अस्तित्व सम्भव नहुने भन्दै यो विचारलाई मार्क्स-एङ्गेल्सले खण्डन गर्नुभयो । सोही समयमा 'सामन्ती समाजवाद', 'निम्न बुर्जुवा समाजवाद', 'जर्मन सच्चा समाजवाद' र 'बुर्जुवा समाजवाद' पनि देखिएका थिए । 'सामन्ती समाजवादी' हरू मार्क्स-एङ्गेल्सको भनाइमा फ्रान्सेली क्रान्ति र ब्रिटेनको संसद् सुधार आन्दोलनमा परास्त भएका सामन्ती अभिजातवर्गहरूको दृष्टिकोण थियो । यसको विचार गरिब-दुःखीहरूलाई राज्यद्वारा राहत र सहयोग दिएर समाजमा भएको असमानतालाई मेटाउँदै जानुपर्छ भन्ने थियो । वर्गहरूबीचको पेचिलो सङ्घर्षको अवधिमा यो विचारको कुनै प्रभाव पर्ने स्थिति थिएन । मार्क्सले अभिजातवर्गको केही विलापको गीत, केही हास्य-व्यङ्ग्य, केही अतीतको संस्मरण भन्दै टिप्पणी गर्नुभयो । 'निम्न बुर्जुवा समाजवाद' फ्रान्स, बेलायतजस्ता राष्ट्रहरूमा बुर्जुवावर्ग र सर्वहारावर्गको कठोर सङ्घर्षमा चेपुवामा परेर सङ्कट महसुस गरिरहेका सहरिया व्यापारीहरू, स-साना किसानहरू, वेतनभोगी कर्मचारीहरू थिए । यसलाई मार्क्सहरूले 'निम्न पुँजीवादी समाजवाद' भएको विश्लेषण गर्दै पुँजीवाद रहँदासम्म यो सफल नहुने निष्कर्ष दिनुभयो । माथि उल्लिखित विभिन्न विशेषताका समाजवादहरूको वैज्ञानिक विश्लेषण गर्दै र ती गलत सिद्धान्त र विचारहरूको खण्डन गर्दै मार्क्स-एङ्गेल्सले वैज्ञानिक साम्यवादी सिद्धान्त अगाडि सार्नुभयो । जब मार्क्स-एङ्गेल्सले वैज्ञानिक समाजवादी-साम्यवादी राज्यव्यवस्थाको सिद्धान्त प्रस्तुत गर्नुभयो, तब यो आजसम्म नदेखिएको वर्गविहीन, जातिविहीन, शोषणविहीन राज्यव्यवस्थाको निर्माण गर्ने सिद्धान्तको रूपमा स्थापित हुन पुग्यो । यो अनुसन्धानले लुटमा आधारित पुँजीवादी व्यवस्थाको मात्र समाधान दिएन कि समाजमा घुमिरहेका सबैखालका गलत र भ्रामक काल्पनिक, आदर्शवादी, अराजकतावादी




समाजवादबाट पनि मुक्ति दियो । यसले मानवजातिलाई नयाँ युगमा प्रवेश गर्ने मार्ग खोलिदियो । अपसोचको कुरा मार्क्स-एङ्गेल्सको निधन भएपश्चात् उहाँहरूको नाम लिँदै बर्नस्टिनले 'संशोधनवादी समाजवाद' को धारणा अगाडि सान्यो । उसले 'संशोधनवादी समाजवाद' दिँदा कुनै नयाँपन र वैज्ञानिक आधार दिन सकेन र त्यो सम्भव पनि थिएन । पुरानै निम्न पुँजीवादी एवम् पुँजीवादी समाजवादकै जस्तो वर्ग-समन्वयद्वारा या संसदीय व्यवस्थाभित्रै सहभागी भएर समाजवाद ल्याउने धारणा दियो । उसको तर्क केवल यति फरक थियो कि विश्व मार्क्स-एङ्गेल्सको समयभन्दा नयाँ परिस्थितिमा पुगेकोले, पुँजीवादी संसदीय व्यवस्था लोकतान्त्रिक बन्दै गएको र त्यहीँबाट जनताको अधिकारको नेतृत्व गर्न सम्भव रहेकोले बल प्रयोग र क्रान्तिको मार्ग हिँड्न आवश्यक छैन, संसद्बाटै समाजवादमा पुग्न सकिन्छ । बर्नस्टिनले समाजवादी आन्दोलनमा यो संशोधनवादी समाजवादको धारणा अगाडि ल्याएपछि निम्न पुँजीवादी आधार भएको युरोपियाली मजदुर आन्दोलनमा फैलिन पुग्यो । फ्रान्सको मिलेराँ, जर्मनको सिदेमान, नोस्केलगायतले संशोधनवादी विचारलाई संसद् र सरकारमा पुँजीपतिवर्गसँग गएर प्रयोग पनि गरे तर यो विचारले कम्युनिस्ट आन्दोलनलाई वाधा-अवरोधभन्दा केही गरेन । यो 'संशोधनवादी समाजवाद' का विरुद्ध लेनिनले कडा र व्यापक सङ्घर्ष सञ्चालन गरेर एक तहसम्म परास्त गर्नुभयो, जसबारे तल अर्को बुँदामा विस्तारमा चर्चा गरिनेछ । सन् १९५६ देखि गद्दार ख्रुस्चोभले अगाडि सारेको तीन 'स' को समाजवाद पनि यही संशोधनवादी समाजवादकै नयाँ रूप थियो । आज पनि विश्वभर 'संशोधनवादी समाजवाद' को हावा चलिरहेको छ । श्रमिकवर्गको मत लिएर चुनाव जित्न कम्युनिस्ट नाम राख्नुपर्ने अनि पुँजीवादी लुटेरासँग मिलेर सत्ताको रसास्वादन गर्न र भद्दा प्रकारले पुँजीवादीहरूभन्दा बढी तुच्छ लुटपाटमा सहभागी बन्न 'संसद्बाट समाजवाद' भन्ने कुरूप चरित्रमा यो प्रदर्शित भइरहेको छ । भारतमा ज्योति बसु समूह र नेपालमा प्रचण्ड-केपी समूह (माके र एमाले) हरू यसमा नाङ्गो प्रकारले लागिरहेका छन् । यसखाले संसद्वादी संशोधनवादको विरुद्ध पनि कम्युनिस्टहरूले चौतर्फी सङ्घर्ष सञ्चालन गरिरहेका छन् ।

मार्क्स-एङ्गेल्सले वैज्ञानिक समाजवाद-साम्यवाद अनिवार्य छ भनेर संश्लेषण गर्नुभन्दा पहिले आर्थिक उत्पादन, वर्गको उत्पत्ति, वर्गसङ्घर्ष, राज्यसत्ता र राजनीतिक सभ्यताको उत्पत्ति र विकासबारे केही महत्वपूर्ण विषयमा अध्ययन-अनुसन्धान गर्नुभयो; जसले समाजमा वर्ग, राज्यसत्ता, क्रान्तिको विकास कसरी भए र तिनको अन्त्य भएर वैज्ञानिक साम्यवाद कसरी उदाउनेछ भन्ने बोध गराउँदछन् । ती अनुसन्धान निम्न रहेका छन :

१. वर्ग, वर्गसङ्घर्ष र राज्यको उत्पत्ति
२. राज्यसत्ता र क्रान्ति
३. वैज्ञानिक समाजवादी सत्ता र सर्वहारा अधिनायकत्व

### ४. वैज्ञानिक समाजवाद

क्रमशः .......

१. वर्ग, वर्गसङ्घर्ष र राज्यको उत्पत्ति

मार्क्स-एङ्गेल्सले पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवादको विजय किन सुनिश्चित छ भन्ने सन्दर्भमा गर्नुभएको पहिलो अनुसन्धान वर्ग, वर्गसङ्घर्ष र राज्यसत्ताको उत्पत्तिबारे गरेको अनुसन्धान हो । उहाँहरूले ऐतिहासिक भौतिकवादी अनुसन्धान विधिको प्रयोग गरेर के सावित गर्नुभयो भने मानवसमाजमा कुनै समय वर्गहरू थिएनन्, वर्गसङ्घर्ष थिएन र राज्यसत्ता पनि थिएन । जब मानवसमाजको विकास आधुनिक समाजतिर भयो, त्यसपछि मात्र समाजमा वर्गहरूको जन्म भयो । वर्गहरूको जन्म भएपछि मात्र वर्गसङ्घर्षहरू देखिए र राज्यसत्ताको पनि जन्म हुन पुग्यो । मानव इतिहासअनुसार के पुष्टि भएको छ भने समाजमा १० हजार वर्षपहिलेसम्म वर्ग थिएनन् किनकि त्यसबेलासम्म मानवजातिले अर्थ-उत्पादन कार्यमा निजी स्वामित्व रहनेगरी भाग लिइसकेको थिएन । मानवले आफ्नो जीवनयापन या प्राकृतिक स्रोतमा या सामूहिक श्रममा निर्भर रहेर पूरा गर्दथ्यो । जब मान्छेले श्रमद्वारा आफूलाई आवश्यक पर्ने वस्तुहरू उत्पादन गर्न थाल्यो, त्यसले क्रमशः मान्छेहरूको बीचमा नयाँ अर्थ-सम्बन्ध (माल विनिमयको तहमा) को विकास गर्न थाल्यो । जब ऊ उत्पादन-कार्यमा स्थायी प्रकारले भाग लिन थाल्यो र जीवनका आवश्यकता पूरा गर्ने मालहरू उत्पादन गर्न थाल्यो, तब क्रमशः निजी सम्पत्तिको विकास हुन पुग्यो । त्यसमाथि असमान स्वामित्व देखापऱ्यो । जब समाजमा निजी सम्पत्ति र असमान स्वामित्वको उत्पत्ति भयो, त्यसपछि समाजमा हुने र नहुने वर्गहरू पैदा हुन पुगे । एकथरी धनी र अर्कोथरी गरिब, एकथरी उत्पीडक र अर्को उत्पीडित, एउटा शासक र अर्को शोषित हुन पुगे । जब समाजमा विपरीत स्वार्थ भएका वर्ग पैदा भए र हुने, शोषक, उत्पीडक, शासकले आफ्नो स्वार्थको रक्षा गर्नुपर्ने भयो, त्यसपछि मात्र शासकवर्गको हित रक्षाका लागि राज्यसत्ता जन्मिन पुग्यो । वर्ग र राज्यसत्तासम्बन्धी यस विकासलाई स्पष्ट पार्दै मार्क्स-एङ्गेल्सले भन्नुभयो, "आजसम्म विद्यमान समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो", (मार्क्स, कम्युनिस्ट घोषणापत्र, पृ. २५) । मार्क्सको उक्त संश्लेषणलाई जोड दिँदै एङ्गेल्सले उल्लेख गर्नुभयो, "एकपछि अर्को गर्दै विकसित भएका धनोपार्जनका नयाँ-नयाँ रूपहरूमा अर्थात् धनसञ्चयको निरन्तर अभिवृद्धिमा सर्वव्यापी मान्यताको छापसमेत लगाइदेओस्; त्यस्तो संस्थाको कमी थियो, जसले समाजलाई वर्गहरूमा विभाजित गर्ने भर्खरै मात्र सुरु भएको प्रक्रियालाई मात्र नभएर ऐश्वर्य-सम्पन्न वर्गले निर्धनवर्गको शोषण गर्ने अधिकार तथा अघिल्लो वर्गद्वारा पछिल्लोमाथिको आधिपत्यलाई चीरस्थायी तुल्याइदेओस् । अनि त्यस्तो संस्थाको प्रादुर्भाव भयो । राज्यको उत्पत्ति भयो", (एङ्गेल्स, परिवातर, निजी स्वामित्व र राज्यको उत्पत्ति, पृ. १२९) । लेनिनले मार्क्स-एङ्गेल्सको राज्यबारेको विचारलाई थप पुष्टि गर्दै लेख्नुभयो, "यस्तो समय थियो, जतिबेला राज्य हुँदैनथ्यो, जब सामान्य सम्बन्ध स्वयम् समाज, अनुशासन, श्रमको व्यवस्थालाई आदत, परम्पराहरूको बलमा तथा आदर सम्मानद्वारा कायम राखिन्थ्यो, जो कूलपतिहरू या नारीहरूलाई प्राप्त हुन्थ्यो, उस जमानामा नारीहरूको सबै विषयमा पुरुषहरूको साथ समानाधिकार प्राप्त थियो, अपितु कहिलेकाहीँ उनको स्थिति पुरुषहरूको स्थितिभन्दा उच्च हुन्थ्यो", (लेनिन, हिन्दी संस्करण, खण्ड ९, राज्यको बारेमा, पृ. ७९) । लेनिनले राज्यको उत्पत्तिबारे थप भन्नुहुन्छ, "राज्य त्यस समयमा प्रकट हुन्छ, जहाँ जब वर्गहरूमा समाजको विभाजन प्रकट हुन्छ, जब शोषक तथा शोसित प्रकट हुन्छन् । जस्तो कि तपाईं सबैले बुझ्नुहुन्छ, सैनिकहरूको सशस्त्र दस्ता, जेलहरू अरूको इच्छालाई हिंसाबाट बशमा राख्ने साधन जो राज्यको सारतत्व हो", (लेनिन, हिन्दी संस्करण, खण्ड ९, राज्यको बारेमा, पृ. ७७) । यी भनाइले बुझाउँछन् कि समाजमा सम्पत्ति, वर्ग, वर्गसङ्घर्षहरू पैदा भएपछि मात्र त्यसमाथि हस्तक्षेप गर्न र एक वर्गको स्वार्थ रक्षा गर्न राज्यसत्ताको उत्पत्ति भयो । वर्ग, वर्गसङ्घर्ष र राज्यसत्ताबारे मार्क्स-एङ्गेल्स-लेनिनले यो दृष्टिकोणको विकास नगर्दासम्म यी सबै विषयलाई दैवीशक्तिको उपज मानिन्थ्यो । दैवीशक्तिको उपज मान्नुको कारण वर्ग र राज्यसत्तालाई जड्, स्थायी, अपरिवर्तनीय र परनिर्मित वस्तु मानिन्थ्यो । यसलाई मार्क्सले राज्यसम्बन्धी आदर्शवादी, सामन्तवादी र पुँजीवादी दृष्टिकोण भन्नुभयो । मार्क्स-एङ्गेल्सले वर्ग, वर्गसङ्घर्ष र राज्यसत्ता सन्दर्भमा गरेको यो अनुसन्धान वैज्ञानिक समाजवाद-साम्यवादको विजयलाई पुष्टि गर्ने बलियो आधार बन्यो ।

### २. राज्यसत्ता र क्रान्ति

मार्क्स, एङ्गेल्सले वैज्ञानिक समाजवादी-साम्यवादी राजनीतिक व्यवस्थाको अनुसन्धान गर्ने क्रममा राज्यसत्ता र क्रान्तिको सम्बन्धबारेमा पनि नयाँ विचार विकास गर्नुभयो । उहाँहरूले वर्गहरूबीचको सङ्घर्षले राज्यसत्ताको जन्म गरायो भन्नेसँगै राज्यसत्ताभित्र चल्ने वर्गसङ्घर्षले क्रान्तिलाई अनिवार्य रूपमा जन्म दिन्छ भन्ने नियम पनि पत्ता लगाउनुभयो । समाजमा चल्ने वर्गसङ्घर्षहरू उत्पादक शक्ति अर्थात् श्रमिकवर्गको विकास सत्तासीन-वर्ग अर्थात् मालिकवर्गलाई पराजित गर्ने स्तरमा नहुँदासम्म सन्तुलनभित्रै हुन्छन् तर जब पुरानो मालिकवर्गभन्दा नयाँ उत्पादक शक्ति श्रमिकवर्ग या नयाँ सर्वहारावर्ग बलियो हुन पुग्छ, तब वर्गसङ्घर्षले पुरानो सत्तालाई नै मिल्काउने तहको क्रान्तिको चरित्र ग्रहण गर्न पुग्छ । यो यति शक्तिशाली र कठोर हुन्छ कि रक्तपातपूर्ण युद्धको चरणबाट समेत पार हुन्छ । यदि क्रान्ति सफल भयो भने पुरानो सत्ताको स्थान नयाँ शक्तिशाली वर्ग श्रमिकवर्गअनुरूपको नयाँ सत्ताले लिन पुग्छ, क्रान्तिमा सफल वर्ग नै नयाँ सत्ताको सञ्चालक मालिकवर्गमा परिणत हुन्छ । क्रान्तिको यो विशेषताबारे चर्चा गर्दै मार्क्सले भन्नुभयो, "सर्वहारावर्गको विकासका सामान्य चरणहरूको मोटामोटी वर्णन गर्दा हामीले विद्यमान समाजभित्र धेरथोर गुप्त ढङ्गले चलिरहेको गृहयुद्धको त्यस बिन्दुसम्म वर्णन गरेका छौँ, जहाँ पुगेपछि उक्त युद्धले खुल्ला क्रान्तिको रूप लिन्छ र पुँजीपतिवर्गलाई हिंसात्मक ढङ्गले उखेलेर फाली सर्वहारावर्गको शानसको जग बसाल्छ", (कम्युनिस्ट घोषणापत्र, पृ. ३७) । मार्क्सले अगाडि गएर क्रान्तिले पुरानो सत्तासँग सामान्य मात्र होइन, गुणात्मक रूपले नै नाता तोड्छ भन्ने उल्लेख गर्दै क्रान्ति भनेकै त्यही भएको प्रस्ट्याउँदै भन्नुभयो, "कम्युनिस्ट क्रान्ति भन्नु नै परम्परागत सम्पत्ति-सम्बन्धसित सबभन्दा आधारभूत रूपले नाता तोड्नु हो । त्यसैले त्यसको विकासले परम्परागत विचारहरूसित पूर्णरूपमा नाता तोडेको कुरामा कुनै आश्चर्य छैन", (मार्क्स, कम्युनिस्ट घोषणापत्र, पृ. ४७) । उहाँहरूको निष्कर्षअनुसार राज्यसत्ता र क्रान्तिबारे सहजै बुझ्न सकिन्छ कि जब समाजमा श्रमिकवर्ग (उत्पादक शक्ति) मालिकवर्ग (उत्पादनका साधनको स्वामित्ववाला शक्ति) को बीचमा आर्थिक एवम् राजनीतिक अन्तर्विरोध सामान्यभन्दा माथि पुग्छ र त्यो पुरानो सम्बन्धमा अड्नै नसक्ने स्तरमा वृद्धि हुन्छ, तब नयाँ वर्ग-शक्तिले मालिकवर्गका विरुद्ध विद्रोह गर्न थाल्छ । जब विद्रोहलाई मालिकवर्गले नियन्त्रण गर्न राज्यसत्तालाई प्रयोग गर्छ, तब वर्गसङ्घर्ष राजनीतिक क्रान्तिमा बदलिन्छ । त्यही क्रान्तिले पुरानो सत्तालाई फाल्छ र नयाँ सत्ताको जन्म गराउँछ । जस्तो कि इतिहासमा दास मालिकको सत्ताविरुद्ध किसान र सामन्त शक्तिले क्रान्ति गरे र दाससत्ताको स्थानमा सामन्ती सत्ता स्थापना गरे; सामन्ती सत्ताविरुद्ध पुँजीवादीवर्गले क्रान्ति गऱ्यो र सामन्ती सत्ताको स्थानमा पुँजीवादी राज्यसत्ता स्थापना गऱ्यो । ठीक त्यसैप्रकारले अब पुँजीवादी सत्ताका विरुद्ध सर्वहारा या कम्युनिस्ट शक्तिले क्रान्ति गर्दैछ र पुँजीवादी सत्ताको स्थानमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्दैछ । वर्ग-विभाजित समाजमा वर्गसङ्घर्ष, राज्यसत्ता र क्रान्ति यस्ता अवश्यम्भावी प्रक्रिया हुन्, एक वर्गले अर्कोविरुद्ध गर्ने क्रान्ति यति अनिवार्य छन् कि मार्क्स-एङ्गेल्स-लेनिन-माओले बारम्बार भन्नुभएजस्तै वर्गविहीन साम्यवादी समाजमा नपुग्दासम्म यसबाट कसैले पनि छुट्कारा पाउन सम्भव छैन । वर्ग-समाज रहँदासम्म जो-कोहीले केवल क्रान्तिलाई समर्थन या विरोध मात्र गर्न सक्छ । यसरी हेर्दा क्रान्ति नै यस्तो सुडेनी हो, जसले नयाँ सत्ताको शिशुलाई अनिवार्यतः जन्म गराउँदछ ।

.... *बाँकी अर्को अङ्कमा*

## नेकपा सचिवालय ....

दृढ रहेको पनि कार्यालय स्रोतले जनाएको छ।

स्मरणीय छ, नेकपाको बाह्रौं पूर्ण बैठकले दलाल संसदीय व्यवस्थाले गराउने चुनावमा पार्टीले भाग नलिने तर एमसीसीविरोधी, देशभक्त र राष्ट्रवादीहरूलाई सहयोग गर्न सकिने निर्णय गरेको छ।

## पार्टी र जनताको शक्ति ....

भएको प्रस्ट पारेको र क्रान्तिहरू सम्भव हुने निष्कर्ष सही साबित भएको पनि बताए। विश्व बहुध्रुवमा विभाजित भएपछि केही समय युद्ध हुने, नयाँ शीतयुद्धतिर जाने, हाम्रोजस्तो देशमा क्रान्ति ल्याउने र नकारात्मक रूपमा मुलुक साम्राज्यवादी युद्धमैदानसम्म बन्नसक्ने दुवै सम्भावना र खतरातर्फ सङ्केत गर्दै महासचिव विप्लवले विश्वमा एउटा नयाँ क्रान्तिको लहर आउने सम्भावना प्रबल भएकाले आउँदो दशक नेपाल क्रान्तिका लागि अत्यन्त अनुकूल हुने संश्लेषण गरे।

नेपालमा दीर्घकालीन जनयुद्ध सम्भव रहे पनि केन्द्रीय सत्ता कब्जा गर्न विविध किसिमका बाधाहरू रहेका उदाहरणहरू प्रस्तुत गर्दै महासचिवले पार्टी र जनताको शक्तिलाई एक ठाउँमा ल्याउनासाथ यो सत्ता ढल्ने विश्वास पनि व्यक्त गरे। जनता र पार्टीको शक्ति नमिलाईकन गरिने विद्रोहले पुरानो सत्तालाई क्षति पुऱ्याउन सकिने भए पनि क्रान्तिलाई विजयसम्म पुऱ्याउन भने मुस्किल हुने उनको तर्क थियो। दुस्मनले प्रतिविद्रोहात्मक रणनीति अख्तियार गरेर क्रान्तिकारीहरूलाई सहर र गाउँ दुवैतिर स्थायी रूपले टिक्न नदिने नीति लागू गरेकाले दुस्मनको नीति र कार्यक्रमलाई उल्ट्याइदिँदै पार्टीले जनतामा स्थापित हुने कार्यनीति अघि बढाएको महासचिवले बताए। जनतामा निर्भर क्रान्तिकारी शक्ति भएकाले जनताले पार्टी कसरी अघि बढोस् भन्ने चाहेका छन्, त्यसरी अघि बढ्नुपर्ने धारणा प्रस्तुत गर्दै महासचिवले एकीकृत जनक्रान्तिको कार्यदिशा सफल नभएसम्म बाधाहरू आइर हने भएकाले जित्ने गरी लड्नुपर्ने पनि प्रस्ट पारे। क्रान्ति पुरानो, बनिबनाउ तरि काले नभएर नयाँ र सिर्जनशील तरिकाले पूरा हुने र त्यो आफ्नो जीवनमै सम्भव हुनेमा पनि महासचिवले जोड दिए। संसदीय व्यवस्था पूर्ण रूपले असफल, सङ्कटग्रस्त र बदनाम भइसकेका उदाहरणहरू प्रस्तुत गर्दै महासचिवले जनता र क्रान्तिकारी शक्तिबीचको एकता नयाँ शक्तिमा विकास भएपछि दलाल पुँजीवादी सत्ताको चिहानमा वैज्ञानिक समाजवाद उदाउने दृढता पनि प्रस्तुत गरे। क्रान्ति विजयमा पुऱ्याउने सामर्थ्य विकास नभएसम्म जनताको पार्टीमाथिको अपार मायालाई शक्तिमा बदल्दै अघि बढ्नुपर्नेमा महासचिवको जोड थियो। क्रान्तिका लागि सङ्गठनात्मक क्षमता अभिवृद्धि गर्ने, राष्ट्रघाती र राष्ट्रवादी शक्तिलाई ध्रुवीकत गराउने, सहर र गाउँ दुवैलाई नछोड्ने, जनतासँगको सम्बन्ध थप सुदृढ र व्यापक बनाएर लड्नका लागि अझ सक्षम बनाउने, विज्ञान-प्रविधिलाई क्रान्तिको साधन बनाउने, अन्तर्राष्ट्रिय सम्बन्ध र भाइचारा विकास र विस्तार गर्ने, समाजवादी शक्तिहरूसँग सम्बन्ध बढाउने, छिमेकीहरूलाई क्रान्तिको पक्ष र समर्थनमा पार्नेलगायत क्रान्ति सफलताका पूर्वतयारी र सूत्रहरू पस्किँदै महासचिव विप्लवले चुनाव प्रयोगका सन्दर्भमा पार्टी केन्द्रीय समितिले गरेको निर्णय अक्षरशः पालना गर्नुपर्ने पनि प्रस्ट पारे। 'दर्ता नै गरेर पार्टी चुनावमा जाँदैन। एमसीसीविरोधी, देशभक्त, राष्ट्रवादीहरूलाई सहयोग गर्न सकिने निर्णय भएको छ। पार्टी निर्णयलाई दृढतापूर्वक लागू गर्नुपर्छ', महासचिवले भने।

विभागका इन्चार्ज रहेका नेकपाका केन्द्रीय सदस्य वसन्त श्रेष्ठ 'प्रज्वलन' ले जनक्रान्तिमा सञ्चारको महत्वपूर्ण भूमिका रहेको र रातो खबरले त्यो इमानदारीपूर्वक निर्वाह गर्दै आएको बताए। देशभर पार्टी निकट सञ्चारलाई एउटै प्रणालीमा सङ्गठित गरेर जारी जनक्रान्तिलाई अझै प्रभावकारी बनाउनुपर्ने र दुस्मनले पार्टी, नेतृत्व र क्रान्तिविरुद्ध गरेका षड्यन्त्र र फैलाएका भ्रमहरूलाई निमिट्यान्न हुने गरी चिर्नुपर्ने प्रज्वलनले बताए। पार्टी केन्द्रीय समितिको बैठकले गरेका निर्णयहरूलाई इमानदारीपूर्वक पालना गर्न पार्टीका नेता-कार्यकर्तालाई सुझाव दिँदै नेकपाका युवा नेता प्रज्वलनले क्रान्तिलाई घाटा र दुस्मनलाई फाइदा हुने गतिविधि नगर्न सबैलाई सावधान पनि गर ए।

अन्तरक्रियात्मक प्रशिक्षणमा नेकपा केन्द्रीय प्रचार तथा प्रकाशन विभागमा आबद्ध अशोक सुवेदी, अम्बिका चन्द, आशीष चौधरी, धनराज शाही, झनक श्रेष्ठ, जानकी चौधरी, शेरबहादुर विश्वकर्मा, धीरेन्द्र बोहोरा, चूडामणि श्रेष्ठलगायत सदस्यहरूले पार्टी र क्रान्तिको भविष्यप्रति चिन्ता गर्दै पार्टी केन्द्रीय समितिको निर्णय लागू गरी एकजुट भएर अघि बढ्न र पार्टी र क्रान्तिलाई जोगाउन महासचिव विप्लवलाई सुझाव दिएका थिए।

## महासचिव विप्लव ....

महासचिव विप्लवले काठमाडौँमा कानुन तथा मानवअधिकार विभागका सदस्यलाई र ाजनीतिक तथा वैचारिक प्रशिक्षण दिएका छन्। महासचिव विप्लवले काठमाडौँमा नेकपाको कानुन तथा मानवअधिकार विभागका सदस्यलाई पार्टी बैठकका निर्णय तथा समसामयिक राजनीतिक अवस्थाबारे प्रशिक्षण दिएका हुन्।

पार्टी केन्द्रीय कार्यालय स्रोतका अनुसार महासचिव विप्लवले कानुन तथा मानवअधिकार विभागका सदस्यहरूलाई पार्टी केन्द्रीय समितिको बाह्रौं बैठकले पार्टी दर्ता गराएर चुनावमा नजाने तर देशभक्त, एमसीसीविरोधीहरूलाई स्वतन्त्र रूपमा सघाउन सकिने निर्णय गरेको प्रस्ट पारेका थिए। प्रशिक्षणका क्रममा पार्टी महासचिव विप्लवले चुनावका सन्दर्भमा संसदीय व्यवस्थाको भन्डाफोर गर्ने र जनतासँगको सम्बन्ध बढाउने विषय पनि प्रस्तुत गरेका थिए।

प्रशिक्षणमा सहभागी २२ जना कानुन तथा मानवअधिकार विभागका सदस्यहरूले महासचिव विप्लवलाई पार्टीको केन्द्रीय समितिको निर्णय पार्टी चुनावमा नजाने भए पनि पछिल्लो अवस्थामा चुनावको विषयलाई लिएर पार्टीमा देखिएका विभिन्नखाले गतिविधिबारे जिज्ञासा राखेका थिए। महासचिव विप्लवले पार्टी निर्णयका विरुद्ध कोही पनि जानु नहुने भन्दै संसदीय व्यवस्थाका विरुद्ध र वैज्ञानिक समाजवादका पक्षमा लाग्न जनसम्बन्ध विकास गरिने बताएका थिए।

प्रशिक्षणमा नेकपाका केन्द्रीय सदस्य एवम् कानुन तथा मावअधिकार विभागका इन्चार्ज प्रज्वलनले पनि समसामयिक राजनीतिक विषयमा प्रशिक्षण दिएका थिए।

यसै क्रममा महासचिव विप्लवले पार्टीको काठमाडौँ, ललितपुर र भक्तपुरद्वारा आयोजित राजनीतिक तथा वैचारिक प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएका छन्। नेकपाको बाह्रौं केन्द्रीय समितिको बैठकको निर्णय सम्प्रेषण गर्ने उद्देश्यले राजनीतिक-वैचारिक प्रशिक्षण आयोजना गरिएको हो।

उपत्यकाभित्र र धादिङ जिल्लाका नगर समिति सदस्यसम्मको सहभागिता रहेको कार्यक्रममा प्रमुख अतिथि पार्टी महासचिव विप्लवले अन्तर्राष्ट्रिय परिस्थिति, एमसीसी सम्झौता, संसदीय व्यवस्थाको भण्डाफोर, पार्टी महाधिवेशन र स्थानीय चुनावसम्बन्धी पार्टीको कार्यनीतिबारे कार्यकर्तालाई स्पष्ट पारे।

नेकपा काठमाडौँका इन्चार्ज प्रज्वल अध्यक्ष रहेको उक्त कार्यक्रमको सञ्चालन केन्द्रीय समिति सदस्य हितमानले गरेका थिए भने केन्द्रीय समिति सदस्य शरदले स्वागत मन्तव्य राखेका थिए।

## निर्वाचनप्रक्रिया बुझ्न ....

पार्टी केन्द्रीय कार्यालय स्रोतले भन्यो।

स्मरणीय छ, नेकपाको १२ औं पूर्ण बैठकले पार्टी दर्ता गरेर निर्वाचनमा नजाने निर्णय गरिसकेको छ। पार्टी चुनावमा नगए पनि एमसीसीविरोधी, देशभक्त व्यक्तिहरू चुनावमा उठेमा त्यस्ता उम्मेदवारलाई स्वतन्त्र रूपमा सघाउन सक्ने निर्णय भने बैठकले गरेको थियो।

## एमालेसँग चुनावी तालमेल ...

नेकपाको १२ औं पूर्ण बैठकले नेकपाले पार्टीगत रूपमा चुनावमा भाग नलिने निर्णय गरिसकेको छ। बैठकले एमसीसीविरोधी, देशभक्त शक्तिहरूलाई स्वतन्त्र रूपमा सघाउन भने सकिने भए पनि पार्टी नै दर्ता गरेर चुनावको प्रयोग वा उपयोग नगर्ने निर्णय गरिसकेको अवस्थामा नेकपाकै एक केन्द्रीय सदस्यले एमालेसँग चुनावी तालमेलका लागि भएको छलफल सकारात्मक भन्दै सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेखेपछि पार्टीले यसप्रकारको प्रेस नोट जारी गरेको हो।

## पार्टी निर्णयविरुद्ध ....

नेता सुदर्शनले पार्टीको निर्णयविरुद्ध कोही पनि जान नमिल्ने बताएका हुन्।

पार्टी महासचिवको चुनावको उपयोग गर्ने प्रस्तावमाथि कपिलवस्तुको १२ औं बैठकमा छलफल हुँदा प्रस्तावमा ल्याइएका बुँदा परिमार्जन गरी चुनावको बाटो हिँडेर समाजवादमा पुग्न सक्तैनौं भन्ने निष्कर्ष निकालेरै महासचिवसहित समाजवादको बाटो हिँड्ने निर्णय भएको पनि उनले बताए। 'समाजवादको बाटो छोड्ने प्रचण्ड-बाबुर ामहरुसँग २०६९ सालमा गरेको विद्रोह, त्यसपछि २०७१ सालमा मोहन वैद्यहरुसँगको विद्रोह चुनावका लागि नभएर समाजवादको बाटोमा अघि बढ्ने निर्णय थियो', उनले भने, '३ बुँदे सहमति लागू भएको छैन। हामीमाथि मुद्दा कायमै छन्। पचासौं कमरेड जेलमै हुनुहुन्छ। यस्तो अवस्थामा पार्टी दर्ता गर्नु हुँदैन। चुनावमा जानु हुँदैन। केन्द्रीय सदस्य, पार्टी सचिव, जिल्ला सदस्य चुनावमा जानु हुँदैन। कोही राष्ट्रवादी भएमा समर्थन गर्न सकिने निर्णय भएको छ।'

उनले अघि भने, 'हाम्रै पार्टीका कोही नेता पार्टी केन्द्रीय समितिको निर्णयविरुद्ध निर्वाचन आयोगमा गएको भन्ने सुनिँदैछ। यो राम्रो समाचार होइन।'

नेकपा नेता सुदर्शनले कम्युनिस्ट आन्दोलनलाई नयाँ बाटो दिनुपर्ने पनि बताए। उनले भने, 'वैचारिकभन्दा भावनामा अघि बढ्यौं भने आन्दोलन अन्योलमा पर्छ।' पार्टीका क्रान्तिकारी नेता-कार्यकर्तालाई सम्बोधन गर्दै उनले भने, 'हामी तपाईंहरुको मुक्तियात्रामा अवरोध खडा हुन दिनेछैनौं। ज्यान जोखिममा राखेर भए पनि क्रान्ति पूरा गरेरै छोड्नेछौं।'

नेता सुदर्शनले पुष्पलाल-गङ्गालालका सपना पूरा गर्न क्रान्ति पूरा गर्नुपर्ने धारणा पनि राखे।

हितप्रसाद उपाध्याय जूनमाया सुवेदी साहित्य प्रतिष्ठानको आयोजनामा ७ वर्षअघि भँगेरीमा निर्मित सालिक अनावरण कार्यक्रममा नेकपा केन्द्रीय सदस्य पूर्णबहादुर सिंह, जनअधिकार अभियानकी केन्द्रीय सदस्य सरला रेग्मी, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलिया, नेकपा दोलखाका सेक्रेटरी माधव गौतम, नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठ, रातो खबर प्रकाशन गृह, इरातो खबर अनलाइनका व्यवस्थापक झनक श्रेष्ठ, जनसांस्कृतिक महासङ्घका सचिवालय सदस्य ढुण्डीराज अधिकारी, युवा कवि रसुवाली कवि, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी रामेछापकी संयोजक सीता गौतम, अखिल क्रान्तिकारी रामेछापकी सचिव लक्ष्मी श्रेष्ठ, नेकपा युवा नेताहरु प्रकाश ढकाल, विशाल, लोकेन्द्र खड्का, विवेक दाहाल, सन्दीपा रेग्मीलगायतको उपस्थिति थियो।

### उद्धव र शोभा असल छोरा-बुहारी, हित-जून स्मृति भलिबल प्रतियोगितामा सोसियल सिटी 'ए' विजयी

यसैबीच सिर्जनानगरमा सम्पन्न हित-जून स्मृति भलिबल प्रतियोगितामा सिर्जनानगरस्थित सानीमदौ सोसियल सिटी युवा क्लबको 'ए' टिमले विजय हासिल गरेको छ। विजयसँगै सोसियल सिटी युवा क्लब एले नगद दस हजार र प्रमाणपत्र पनि प्राप्त गरेको छ। त्यसैगरी दोस्रो स्थान सिर्जनानगरकै सो सियल सिटी युवा क्लब बी ले प्राप्त गरेको छ। उक्त टिमले नगद सात हजारसहित प्रमाणपत्र प्राप्त गरेको छ। तेस्रो स्थान भने मन्थली ३ स्थित कठजोर टिमले हासिल गरेको छ। उक्त टिमले नगद दुई हजारसहित प्रमाणपत्र हातपारेको छ।

हितप्रसाद उपाध्याय जूनमाया सुवेदी साहित्य प्रतिष्ठानले शनिबार सिर्जनानगरस्थित खारखो लाकिनारमा आयोजना गरेको हित-जून स्मृति प्रतियोगितामा मन्थली मावि, मन्थली ब्वाइज, भै ँसेश्वर युवा समाज, त्रिशक्ति युवा क्लब, सोसियल सिटी ए र बी गरी सात समूह सहभागी थिए।

खेलको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि नेकपा केन्द्रीय सचिवालय सदस्य हेमन्तप्रकाश ओ ली 'सुदर्शन' ले जनताको राजनीतिजस्तै खेल पनि स्वच्छ हुनुपर्ने बताए। दलाल पुँजीवादमा र ाजनीति पनि अत्यन्त अस्वस्थ, राष्ट्रघाती र जनघाती बन्दै गएको भन्दै उनले कम्युनिस्ट पार्टी र शक्तिले यथास्थितिवादमा नरमाएर आमूल परि वर्तनका पक्षमा निरन्तर क्रान्तिको बाटोमा लाग्नुपने ' बताए। कम्युनिस्ट पार्टी जे गर्नु हुँदैन भनेर स्थापना भएको थियो, त्यही गलत कार्यमा फस्दै गएकाले अब कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता सचेत भएर दलाल पुँजीवादमा फस्ने हर्कत बन्द गरी वैज्ञानिक समाजवादको बाटो अविचल भएर हिँड्नुपर्ने उनले बताए। नेता सुदर्शनले अन्धविश्वास, रूढि, पर म्परा र अवैज्ञानिक संस्कार-संस्कृतिको विकल्प अग्रजहरूको सम्मान र रूपान्तरणका पक्षमा काम गरेर प्रतिष्ठानले देखाएको बाटोमा हिँड्न समाजका सबैलाई आह्वान पनि गरे।

नेकपाका केन्द्रीय सदस्य एवम् दोलखा-सिन्धुपाल्चोक इन्चार्ज पूर्णबहादुर सिंह 'प्रवीण' ले युवाहरूले खेल र अतिरिक्त क्रियाकलापका साथै समाज र जीवन परिवर्तनका लागि निरन्तर क्रान्तिमा लामबद्ध हुनुपर्ने बताए। उनले दलाल पुँजीवादले सबैलाई दलाल बन्नेतिर दुरुत्साहित गरिरहेको भन्दै नेकपाले जारी राखेको दलाल पुाजीवादविरोधी, समाजवादी क्रान्तिमा लामबद्ध हुन पनि आह्वान गरे। दलाल पुँजीवादले गराउने चुनावको भुलभुलै यामा नपर्न र राष्ट्रघातीहरूलाई गाउँबाट लखेट्न पनि उनले आह्वान गरे। वैज्ञानिक र जनपक्षीय संस्कार-संस्कृति सिक्न र आफूलाई निजी स्वार्थहरूबाट मुक्त गराउन सिर्जनानगर र प्रतिष्ठानका क्रियाकलापबाट सिक्नुपर्ने भन्दै उनले प्रतिष्ठानले आयोजना गरेको कार्यको प्रशंसा गरे।

प्रतिष्ठानले यस वर्षका असल छोरा-बुहारीका रूपमा सिर्जनानगर, सानीमदौकै उद्धवप्रसाद सुवेदी-शोभा सुवेदीलाई चयन गरेको छ। चार सदस्यीय निर्णायकमण्डलका तर्फबाट संयोजक दामोदर सुवेदीले घरपरिवारमा बाबुआमाको रेखदेख, से वासुश्रुवा गर्ने, पारिवारिक र सामाजिक सन्तुलन मिलाउने र थला परेकी वृद्ध आमाको अत्यन्त र ाम्रो हेरचाह गर्ने उद्धव-शोभादम्पतीलाई यस वर्षका असल छोरा-बुहारी घोषणा गरिएको सार्वजनिक गरे। प्रमुख अतिथि नेकपाका केन्द्रीय सदचिवालय सदस्य सुदर्शनले प्रतिष्ठानका तर्फबाट असल छोर ाबुहारीलाई नगद पाँच हजार, दोसल्ला र सम्मानपत्र हस्तान्तरण गर्दै प्रतिष्ठानले नयाँ संस्कार र संस्कृति स्थापित गरेर सराहनीय काम अघि बढाएको बताए।

जनअधिकार अभियान नेपालकी केन्द्रीय सदस्य सरला रेग्मी, नेकपाका केन्द्रीय सदस्य पूर्णबहादुर सिंह, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलिया, नेकपा र ामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठ, नेकपा दोलखाका सेक्रेटरी माधव गौतम 'आकाश', अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिवालय सदस्यहरू अग्निराज पौडेल 'अराप', ढुण्डीराज अधिकारी, नेकपाका युवा नेताहरू विवेक दाहाल, लोकेन्द्र खड्का, मार्क्सवादी स्रष्टा रसुवाली कवि, नेकपा ओखलढुङ्गाका सदस्य प्रकाश ढकाल, ने कपा रामेछापका सदस्य एवम् शिक्षक नेता विनो द सुवेदी, अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी रामेछापकी संयोजक सीता गौतम, अखिल क्रान्तिकारी रामेछापकी सचिव लक्ष्मी श्रेष्ठ, रातो खबरका व्यवस्थापक झनक श्रेष्ठ, विद्यार्थी एवम् स्रष्टा सन्दीपा रेग्मीलगायतले विचार र सिर्जनाका माध्यमबाट वैज्ञानिक समाजवाद स्थापनाका लागि दलाल पुँजीवादविरुद्ध निरन्तर क्रान्तिमा लामबद्ध हुनुपर्ने बताए।

नेकपा सचिवालय सदस्य सुदर्शनले प्रतिष्ठान प्राङ्गणमा रहेको हित-जून युद्ध-कला सङ्ग्रहालयमा रहेको ललितकला कक्ष र जोर लालबत्तीको उद्घाटन गर्दै सङ्ग्रहालयको अवलोकन पनि गरे।

प्रतिष्ठानको आयोजनामा नियमित हुँदै आएको कविता प्रतियोगितामा यस वर्ष उत्कृष्ट कविता वाचन गरेर हित-जून सिर्जनशील प्रतिभा पुरस्कार सीता कार्की (आमा को हुन्, प्रथम ?), प्रियङ्का कार्की (छोरी र बुहारी, द्वितीय) र सुप्रिया कार्की (गौँथली, तृतीय) ले तेईस सय राशिको पुरस्कार जितेका छन् । विजयी सबै स्रष्टा-व्यक्तित्व र जूनमाया सौगात प्राप्त गर्ने १५ जना महिलालाई नेकपाका सचिवालय सदस्य सुदर्शन र प्रतिष्ठानकी सञ्चालक इन्दिरा सुवेदी (बराल) ले नगद, प्रमाणपत्र र सम्मानपत्र वितरण गरेका थिए। कार्यक्रमको अध्यक्षता तथा सञ्चालन प्रतिष्ठानका अध्यक्ष अशोक सुवेदीले गरे का थिए। प्रतिष्ठानकै आयोजनामा २४ गते भँगेर ीमा नेकपा सचिवालय सदस्य सुदर्शनले सरला रे ग्मी, पूर्णबहादुर सिंहलगायतको साथमा ९ वर्षअघि प्रतिष्ठानले निर्माण गरेको पुष्पलाल-गङ्गालालको सालिक अनावरण गरेका थिए। प्रतिष्ठानले १५ वर्षदेखि नायँ संस्कार-संस्कृति निर्माणका पक्षमा विविध सामाजिक-सांस्कृतिक-वैचारिक कामहरू गर्दै आएको छ। युद्ध-कला सङ्ग्रहालय निर्माण सम्पन्न भएपछि नेकपाका महासचिव विप्लव, ने कपाका अन्य शीर्ष नेता र किसानहरूको हातबाट उद्घाटन गर्ने कार्यक्रम रहेको जानकारी आयो जकले दिएको छ।


**नगरबासीमा अनुरोध**

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ।

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं।

**नयाँ वर्ष २०७९ को हार्दिक शुभकामना**

**गोडैता नगरपालिकाको कार्यालय**

सर्लाही, मधेश प्रदेश



**नगरबासीमा अनुरोध**

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ।

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं।

**नयाँ वर्ष २०७९ को हार्दिक शुभकामना**

**बलरा नगरपालिकाको कार्यालय**

सर्लाही, मधेश प्रदेश

नियमित

# जनपक्षीय पत्रकारिता र हाम्रो दायित्व


जानकी चौधरी

**भूमिका**

सामान्यतया पत्रकारिता सूचनाहरूको सङ्कलन, समाचारको निर्माण र सूचनाको सम्प्रेषण गर्ने काम हो । पत्रकारिताले आवाज नहुनेहरूलाई पनि आवाज निकाल्न प्रोत्साहन गर्ने माध्यम भएकाले यसलाई आवाजविहीनहरूको आवाज पनि भनिन्छ। नागरिकका समस्याहरूलाई उठान गर्ने, राज्यका सबै निकायको क्रियाकलापमा तिखो नजर लगाउने र कमजोरीहरू उजागर गर्ने माध्यम नै पत्रकारिता हो। हरेक ठाउँका खराबीहरू रोक्ने, खबरदारी गर्ने, नागरिकलाई बलियो बनाउने र राज्यशक्तिको मनपरी रोक्ने काम यसले गर्छ।

समाजमा रहेका वर्गहरूको प्रतिनिधित्व पत्रकारितामा पनि स्वाभाविक रूपमा पर्ने गर्छ । पत्रकारिताले समाज परिवर्तनका लागि शक्तिशाली अस्त्रको काम गर्दछ । त्यसैले पत्रकारिता हमेसा प्रतिक्रियावादीहरूको तारो बनेको हुन्छ । कैयौँ समयमा सेन्सर हुने गर्छ, प्रतिबन्धित हुने गर्छ र पत्रकारहरूको हत्यासमेत हुने गर्छ।

पत्रकार भनेका राष्ट्रका रक्षक पनि हुनुपर्छ । सेनाले देशका लागि युद्धकला जानेको हुन्छ। त्यस्तै पत्रकार पनि देशको हित र रक्षाका लागि आवाज बुलन्द गर्ने सिपाही हो। अझ त्यसमा पनि जनपक्षीय पत्रकारिता देश र जनता केन्द्रित हुनुपर्छ। खास अर्थमा आवाजविहीनहरूको आवाज बन्नु नै जनपक्षीय पत्रकारिता हो । देश र जनताको न्याय, मुक्ति र स्वतन्त्रताका लागि समाजमा हुने अग्रगामी/परिवर्तनकारी आन्दोलनलाई उचाइमा पुऱ्याउन र जनताको नयाँ व्यवस्था निर्माण गर्ने राजनीतिक भूमिकासमेत जनपक्षीय पत्रकारिताले निर्वाह गर्नुपर्छ । त्यसैले अग्रज पत्रकार तथा कम्युनिस्ट आन्दोलनका महान् नेता लेनिनले भनेका छन्, ‘ जनपक्षीय पत्रकारहरू प्रचारकर्ता, आन्दोलनकर्ता र सङ्गठनकर्ताको भूमिका खेल्नु पर्दछ।’

जनपत्रकारहरूले देश र जनताको राष्ट्रिय स्वाधीनता, जनतन्त्र, जनजीविकाका विषयलाई समेट्दै भ्रष्टाचार, अनियमितता, अन्यायविरुद्ध खबरदारी गर्नुपर्छ । पत्रकारिताले संसारका करोडौँ जनताको मस्तिष्क बदल्न सक्छ। जनपत्रकारले राष्ट्रप्रति इमानदार र समाजप्रति उत्तरदायी भएर लेख्नुपर्छ । प्रतिक्रियावादीहरूले फैलाएका अफवाहहरूलाई चिर्दै जनतालाई सही सूचना दिन जनपक्षीय पत्रकारहरूले भूमिका निर्वाह गर्नुपर्छ।

**जनपक्षीय पत्रकारिता**

जनतालाईसहीसूचना,विचार,दृष्टिकोणसहितको मार्गनिर्देशन गर्नका लागि जनपक्षीय पत्रकारहरूको विकास भएको छ। नेपालमा पत्रकारिताको विकास राजनीतिक आन्दोलनको विकाससँगै भएको छ। राणाविरोधी आन्दोलन, पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनसम्म आइपुग्दा जनपक्षीय पत्रकारिताको धार देखिन थालेको हो । २०४६ को जनआन्दोलनबाट प्राप्त सीमित वाक् तथा प्रकाशन स्वतन्त्रताले नेपालमा पत्रकारिता जगत्को मात्रात्मक विकासमा ठूलो सहयोग गऱ्यो । यसै समयमा विभिन्न राजनीतिक विचारधारात्मकसँग सम्बन्धित पत्रिकाहरू प्रकाशित भए । पत्रकारिता पनि राजनीतिक आन्दोलनको अभिन्न अङ्ग भएकाले यसको राजनीतिक दृष्टिमा पनि त्यसैअनुरूपको बदलाव आउँदै गएको छ। यही क्रममा नै जनतालाई सही सूचना, विचार र दृष्टिकोणसहितको मार्गनिर्देशन गर्नका लागि जनपक्षीय मिडियाको विकास भएको हो। जनपक्षीय प्रकाशनका रूपमा योजना र जनादेश साप्ताहिक पत्रिकाको पनि सुरुआत भयो। त्यसपछि नेपालको राजनीतिक इतिहासमा एउटा अभूतपूर्व परिघटनाका रूपमा रहेको महान् जनयुद्धको सुरुआतसँगै जनपक्षीय पत्रकारिताको इतिहासले नयाँ फड्को माऱ्यो। खासगरी २०५५ पछाडि दुर्गम गाउँका खबरहरूले पनि सञ्चारमाध्यममा प्रमुखताका साथ स्थान पाउन थाले। जनपक्षीय संवाददाताहरू टाढाटाढा गएर जोखिमहरू उठाउँदै समाचारहरू सङ्कलन गर्ने चरणको सुरुआत भयो । यस अवधिमा जनपक्षीय पत्रिकाका रूपमा जनआह्वान, दिशाबोध, जनदिशालगायत पत्रिका प्रकाशन भए। मोफसलबाट पनि जनपक्षीय पत्रिकाहरू प्रकाशित हुन थाले। सोही समयमा पुरानो राज्यसत्ता पत्रकारिता क्षेत्रसँग आक्रामक रूपमा प्रस्तुत भयो। पटकपटक जनपक्षीय पत्रकारहरूको गिरफ्तारी सुरु गर्न थाल्यो र जनपक्षीय पत्रिकाहरूको प्रकाशन र वितरणमा सरकारले नियन्त्रण गर्न खोज्यो । कयौँ पत्रकारहरूलाई गिरफ्तार गऱ्यो, बेपत्ता पाऱ्यो । नेपाली जनपक्षीय पत्रकारिता भूमिगत रूपमा मुलुकभित्र र बाहिर प्रवाहित हुन थाल्यो । जनयुद्धकालीन समय अझ सङ्कटकालका बेला तत्कालीन राज्यसत्ताले जनपक्षीय पत्रकार कृष्ण सेन ‘इच्छुक’ लाई पटकपटक गिरफ्तार गर्दै यातना दिइदिई हिरासतभित्रै हत्या गऱ्यो। अन्य कयौँ पत्रकारहरूलाई गिरफ्तार गऱ्यो बेपत्ता बनायो।

जनपक्षीय पत्रकारहरू सङ्गठित रूपमा देखापरेको २०५४ सालदेखि हो । २०५४ सालमा मार्क्सवाद लेनिनवाद माओवाद/विचारधारा अँगालेका जनपक्षीय पत्रकारहरूको त्रिचन्द्र क्याम्पसको चौरमा भएको भेलाले वरिष्ठ जनपक्षीय पत्रकार शक्ति लम्साल संयोजक र अशोक सुवेदी सचिव रहेको जनपक्षीय पत्रकार सङ्गठन नेपाल स्थापना गरेको थियो। त्यसको विकास जनयुद्धकै चापका बीचमा २०६० सालमा भयो । सम्पूर्ण देशभक्त र प्रगतिशील श्रमजीवी पत्रकारहरूलाई सङ्गठित गर्ने, उनीहरूको हक, हित र अधिकारका लागि आवाज उठाउने र देश र जनताको मुक्ति आन्दोलनका पक्षमा प्रचार आन्दोलनलाई सङ्गठित गर्ने उद्देश्यले ०६१ माघ १५ गते क्रान्तिकारी पत्रकार सङ्घ, नेपाल स्थापना गरियो। स्थापनापछि जनयुद्धकै एक सशक्त मोर्चाको भूमिका निर्वाह गर्दै जनताको आन्दोलनविरुद्ध तत्कालीन प्रतिक्रियावादी सरकारले फैलाएका अफवाहहरूलाई चिर्दै जनतालाई सही सूचना दिन जनपक्षीय पत्रकारिताले ठूलो मद्दत गऱ्यो।

२०६२/६३ को जनआन्दोलनपछि नेपालको राजनीति केही फेरबदल भयो । त्यसपछि २०६३ फागुन २९ र ३० गते क्रान्तिकारी पत्रकार सङ्घ, नेपालको काठमाडौँमा प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भयो। २०६७ फागुन १७ गते दोस्रो राष्ट्रिय सम्मेलन आयोजक समिति गठन गऱ्यो।

जनयुद्धको नेतृत्वले १२ बुँदे सहमति, विस्तृत शान्तिसम्झौताका नाममा जनयुद्धका उपलब्धिहरू समाप्त पारेपछि पार्टीमा चरम दुई लाइन सङ्घर्ष देखापऱ्यो। जनयुद्धका अन्य उपलब्धि गुमेझैँ, तितरबितर भएझैँ जनपक्षीय मिडियाहरू, मिडियाकर्मीहरू पनि तितरबितर भए।

०६९ असार ८ गते मातृपार्टीमा विभाजन आएसँगै क्रान्तिकारी पत्रकार सङ्घमा पनि विभाजन आयो। त्यसपछि ०६९ साउन १० गते काठमाडौंमा भेला गरी क्रान्तिकारी पत्रकार महासङ्घ गठन भयो। उक्त सङ्गठनले पनि गति लिन सकेन। २०७१ मङ्सिर ८ गते पार्टीमा फेरि विभाजन भयो। पार्टीमा विभाजन भएसँगै क्रान्तिकारी पत्रकार महासङ्घ पनि विभाजित भयो र २०७१ चैत १३ गते काठमाडौँमा भेला गरेर क्रान्तिकारी पत्रकार सङ्गठन, नेपाल गठन गरियो।

उक्त सङ्गठनको २०७२ असोज ९ र १० गते मकवानपुरको हेटौँडामा दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । त्यसको अढाइ वर्षपछि २०७५ वैशाख १५, १६ र १७ गते काठमाडौँमा उक्त सङ्गठनको तेस्रो राष्ट्रिय सम्मेलन भयो।

नेपाल कम्युनिस्ट पार्टी राज्यद्वारा प्रतिबन्धित थियो । देशभर सरकारले राजनीतिक आस्थाका आधारमा नागरिक र पत्रकारलाई गिरफ्तार गर्ने गतिविधि गर्दै गर्दा पत्रकार सङ्गठन देशव्यापी मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका विषयमा अन्तरक्रियामा लाग्यो। राज्यको प्रतिबन्धको परबाह नगरी निरन्तर रूपमा जनपत्रकारहरू कलम चलाइरहे। सरकारले विभिन्न प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी विधेयक ल्याएर पत्रकारलाई अङ्कुश लगाउने कार्य गर्दै गर्दा त्यसको विरोधमा सिङ्गो पत्रकारहरू आन्दोलित भए। केन्द्र सरकार पछाडि फर्केजस्तो गऱ्यो तर पछि प्रदेश सरकारहरूले कानुन बनाउने नाममा पत्रकारलाई अङ्कुश लगाउने प्रेस स्वतन्त्रताविरोधी कानुनहरू ल्याएका छन् ।

त्यसपछि २०७५ फाल्गुन १४ गते उक्त सङ्गठनको नाम परिवर्तन गरी जनपत्रकार सङ्गठन नेपाल स्थापना गरियो। अहिले जनपत्रकार सङ्गठन नेपालको नामबाट देशभर आफ्ना क्रियाकलाप भइरहेका छन् । यो सङ्गठन चौथो राष्ट्रिय सम्मेलनको सँघारमा पनि रहेको छ । जनपत्रकार सङ्गठन नेपाललाई यतिबेला देशभर स्थापित गर्न आवश्यक छ।

**हाम्रो दायित्व**

यतिबेला जनपक्षीय पत्रकारितालाई नयाँ उचाइमा पुऱ्याउने र स्थापित गर्ने हाम्रो दायित्व बनेको छ । जनपत्रकारिता समाज परिवर्तन गर्ने र समाजको भविष्य निर्धारण गर्ने शक्तिशाली वैचारिक हतियार हो । मिडियाका विविध पक्षहरूलाई धेरैभन्दा धेरै उपयोग गरेर जनताको राज्यव्यवस्था स्थापना गर्ने अभियानलाई सफलतामा पुऱ्याउनु जनपत्रकार र जनपक्षीय मिडियाको दायित्व हो। मिडियालाई अर्थोपार्जनको माध्यम बनाउने वा सङ्गठनलाई भँजाएर व्यक्तिगत स्वार्थपूर्तिमा लाग्ने मिडिया ट्रेनलाई खारेज गर्दै आमजनताको हितलाई केन्द्रमा राखी नेपाली जनताको राष्ट्रिय स्वाधीनता, जनजीविका र जनतन्त्र विषयसँग सम्बन्धित पार्टीको विचार, नेतृत्व र गतिविधिलाई आमजनतामा पुऱ्याउनु जनपक्षीय पत्रकारहरूको दायित्व हो।

नेपालको विद्यमान दलाल संसदीय पुँजीवादी व्यवस्थाको कारण जनतामा भएका अन्याय, अत्याचार, दमन, शोषण, भ्रष्टाचार, कालोबजारी, महँगी, राष्ट्रघात र जनघातविरुद्ध सशक्त आवाज बुलन्द गर्दै नेपाली श्रमजीवी वर्गको राज्यसत्ता वैज्ञानिक समाजवादी व्यवस्था निर्माणका लागि सूचना-सञ्चारका क्षेत्रमा जनपक्षीय पत्रकारितामार्फत महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । दलाल पुँजीवादी संसदीय व्यवस्थाविरुद्ध एकीकृत जनक्रान्तिका पक्षमा मिसाइल बन्न सक्नु विचार, दृष्टिकोण, नीति, सिद्धान्तलाई प्राथमिकतामा राखेर जनपक्षीय मिडिया स्थापित गर्नु आवश्यक छ। जनपत्रकारहरूले आफूलाई जनपक्षीय मिडियाका रूपमा स्थापित गर्नुपर्नेछ।

पहिलो कुरा पार्टीको नीति र सिद्धान्तलाई दह्रो गरी पकड्नुपर्छ । पार्टीको नीति र सिद्धान्तलाई व्यवहारमा गहिरो गरी लागू गर्ने र पार्टीको कार्यदिशा, कार्यनीतिहरूलाई व्यापक प्रचारप्रचार गर्नु नै जनपत्रकारहरूको दायित्व हो। जनपत्रकारहरू अरू पत्रकारभन्दा दोब्बर बढी गतिशील र तीक्ष्ण हुनुपर्छ किनकी जनपक्षीय पत्रकारिताले समाज परिवर्तनका लागि निर्देशित गर्नुपर्छ।


## नागरिक पेन्सन योजना नेपालको समृद्धिको सहयात्री

सर्वसाधारण नागरिक तथा वैदेशिक रोजगारमा रहेका ब्यक्तिहरुलाई बचत गर्न प्रोत्साहित गरी कुल राष्ट्रिय बचत बृद्धिमा समेत सहयोग पुऱ्याउने , त्यस्तो वचतलाई देशको आर्थिक विकासमा परिचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले ‘जवानीमा कमाऔँ जमाऔँ, बुढेशकालमा रमाऔ’ भन्ने नारा सहित कोषको बचत कार्यक्रमको दायरामा नसमेटिएका नेपाली नागरिकलाई आवद्ध गराई बृहत रुपमा ‘नागरिक पेन्सन योजना’ संचालन र व्यवस्थापन गर्न यो कार्यक्रम ल्याइएको हो।

**सहभागीता :**

यस पेन्सन योजना अर्न्तगत आय आर्जन गर्ने व्यक्तिहरु, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था एवंम् प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्छन।

- यस कार्यक्रममा सहभागी हुने बचतकर्ताहरुले न्यूनतम मासिक रु.५००।-देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा रकम जम्मा गर्न सक्ने छन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिकरुपमा रकम जम्मा गर्न सकिने व्यवस्था मिलाइएको छ । यस्तो किस्ता बुझाउँदा मासिक रु.५००।- भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ।
- मिति २०७७ आश्विन देखि सूरु गरिएको यो योजना कार्यान्वयनको प्रारम्भिक चरणमा रहेता पनि नेपालका लागि पहिलो कार्यक्रम रहेकोले सर्वसाधारणको आकर्षण व्यापक रहेको छ। यस योजनामा छोटो अवधिमा नै सर्वसाधारण एवं स्वरोजगार व्यक्तिहरुको उल्लेख्य सहभागिता रहेको छ। साथै यस योजनामा सहभागी हुन अनलाइन रजिस्टर्ड सेवा समेत सुरु भैसकेको छ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**

- पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको हुनुपर्ने छ।
- बचतकर्ताले पेन्सन योजनाबाट सहभागी हुन नचाहेमा १५ वर्षको बचत नगर्दै वा १५ बर्ष पश्चात पनि त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भूक्तानी लिन सक्ने छन।
- कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रुपमा तोकिएको न्यूनतम किस्ताले हुने रकम जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन्।

**पेन्सन गणना विधिः**

सहभागीले जम्मा गरेको बचत, त्यसको ब्याज र कोषले यो कार्यक्रममा संकलन भएको रकम लगानी गरी संचालन खर्च कटाएर प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजले जीवनकालभर पेन्सन पाउनेछन्। निजको शेषपछि निजको परिवार र परिवारको पनि शेषपछि निजको हकवालाले बाँकी रकम एकमुष्ठ पाउनेछन।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय, नयाँ बानेश्वर काठमाडौं
फोनः ०१-५९७०२०१
वेबसाइटः www.nlk.org.np



## शुभकामना

नयाँ वर्ष २०७९ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

साथै, आउँदै गरेको चुनावमा सही व्यक्ति छानेर भोट हालिदिनुहुन हार्दिक अपिल।

विरबहादुर घलान
वडा अध्यक्ष
मनहरि गाउँपालिका
२ नं. वडा कार्यालय
टाँडी, मकवानपुर



## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ।

२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं।

३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ। घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं।

४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ। साथै,

नयाँ वर्ष २०७९ को हार्दिक शुभकामना

गोकर्णेश्वर नगरपालिका
काठमाडौं, बाग्मती प्रदेश


निर्देशक : **वसन्त श्रेष्ठ**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ